साहसिक पत्रकारिता

संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १४, ● पूर्णाङ्क २८७, ● अंक ३ ● २०७९ साल असोज १६-३१ गते (2 October, 17 October, 2022) ● मूल्य रु. १०


# जानेबेला कलङ्कको टिका



प्रतिनिधिसभाको चुनावपछि राष्ट्रपति विद्यादेवी भण्डारीको कार्यकाल पनि सकिन्छ। २०७४ फागुनमा राष्ट्रपति हुनुभएका विद्यादेवी भण्डारी जानेबेलामा उहाँले देश र जनताका लागि नराम्रो काम गरेर जाने हुनु भएको छ। उहाँ संविधानको रक्षक भएर पनि त्यस विपरित काम गरेर जानेबेला कलङ्कको टिका लगाउनु भएको छ। प्रतिनिधिसभा र राष्ट्रसभाले पारित गरेर दिएका विधेयक उहाँले प्रमाणिकरण नगरी फिर्ता गर्नुभयो। उहाँले यो प्रमाणिकरण नगरेर लाखौं युवा जो नेपाली नागरिकता लिन योग्य छन्, उनीहरु नागरिकता लिन वञ्चित भएका छन्। प्रतिनिधिसभा र राष्ट्रसभाबाट विधेयक पारित भएपछि नागरिकता विहिन नागरिकहरु निकै उत्साहित भएका थिए।

तर राष्ट्रपति भण्डारीको एउटा कदमको कारण नागरिकविहिन युवाको जसको भविष्य भर्खर सुरु हुन लागेको छ। उनीहरु निराश भएका छन्। उनीहरुको अवस्था नमर्ने, न बाँच्ने जस्तो भएको छ। नागरिकताका लागि आन्दोलन गर्दै आउनु भएका इन्द्रजीत साफी भन्नुहुन्छ, 'राष्ट्रपति विद्यादेवी भण्डारीले हाम्रो सम्पूर्ण आशा र भरोसालाई मारि दिनुभयो, नागरिकताविना हामी यो देशमा केही गर्न सक्दैनौ हाम्रो अवस्था त न मर्नु र न बाँच्नु जस्तो भएको छ।' आक्रोशित हुँदै साफीले अब त राष्ट्रपति कार्यालय अगाडीमा गएर आत्मदाह गर्नुबाहेक आफूहरुसँग अरु कुनै विकल्प नरहेको बताउनुभयो।

**कहिले के भयो ?**

प्रथमपटक प्रतिनिधिसभा र राष्ट्रसभाले नागरिकता विधेयक पारित गरेर गत साउन १५ गते राष्ट्रपति समक्ष पठाइएको थियो। तर उहाँले साउन २९ गते नै प्रश्नसहित प्रतिनिधिसभामा पुनर्विचारका लागि सो विधेयक फिर्ता गर्नु भएको थियो। फिर्ता पठाएको सो विधेयक प्रतिनिधिसभाले भदौ ४ र राष्ट्रियसभाले भदौ १७ गते पारित गरेर भदौ २० गते पुनः राष्ट्रपतिसमक्ष पठाइएको थियो। तर उहाँले १५ दिनसम्म राष्ट्रपति कार्यालयमा सो विधेयकलाई अल्झाएर राख्नुभयो। कहिले कोसँग छलफल कहिले कोसँग छलफल भन्दै संवैधानिक व्यवस्थाअनुसार रहेको १५ दिने म्याद सकाउनु भयो। असोज ४ गते राति १२ बजेपछि विधेयक प्रमाणीकरण नभएको मानिन्छ। त्यो अवधिमा उहाँले प्रमाणिकरण गरि सक्नुपर्ने थियो।

तर उहाँ कलङ्कको टिका लगाउनुभयो। पूर्वराजदूत एवं राजनीतिक विश्लेषक विजयकान्त कर्ण भन्नुहुन्छ, 'यो राष्ट्रपतिको नाम नेपालको इतिहासमा एउटा कंलकिंत राष्ट्रपतिको रुपमा दर्ज भयो, आउने पुस्ताले उहाँको नाम सम्मानपूर्वक लिनेछैन।' उहाँ राष्ट्रपतिमा दुई कार्यकाल रहनुभयो। कहिले पनि देश र जनताको लागि राम्रो काम गर्नु भएन। कमसे काम जानेबेला वर्षौंदेखि समस्याको रुपमा रहेको नागरिकता समस्या गरेर जानु भएको भए उहाँलाई आउने पुस्ताले पनि सम्मानको नजरले हेर्थे तर कंलङ्कित भएर जानुभयो। प्रथम राष्ट्रपति रामवरण यादव आफ्नो मान सम्मान कायम राखेर जानुभयो। उहाँलाई पनि संविधान जारी गर्ने इच्छा थिएन। संविधान जारी नगर्न उहाँलाई पनि दवाव थियो। तर उहाँले जनताको चाहना हेर्नुभयो। भलै त्यो संविधानप्रति मधेशको सन्तुष्टि थिएन। तर संविधान जारी गर्नु नेपाल देशको हितमा हो भनि थाह पाएर नै जाँदाजाँदै राष्ट्रपति डा.रामवरण यादवले इतिहासमा पनि सम्मानित हुने काम गरेर जानु भयो। त्यही भएर आज पनि पूर्व राष्ट्रपति डा.रामवरण यादवको नाम सम्मानपूर्वक लिने गरिन्छ।

**फिर्ता पठाएको सो विधेयक प्रतिनिधिसभाले भदौ ४ र राष्ट्रियसभाले भदौ १७ गते पारित गरेर भदौ २० गते पुनः राष्ट्रपतिसमक्ष पठाइएको थियो।**

◆ ◆ ◆

**राष्ट्रपति भण्डारीको पुतला देशैभर जलाइएको छ। उहाँको विरुद्धमा देशभर प्रदर्शन भइरहेको छ। मधेशमा मात्र होइन, पहाडमा पनि उहाँको पुतला जलाइएको छ।**

◆ ◆ ◆

**पहिलो कार्यकालमा पनि राष्ट्रपति भण्डारी सप्तरीको छिन्नमस्ता मन्दिरमा जाँदा आफ्नो सुरक्षाका लागि खटिएका सैनिकलाई जुत्ता बोकाएको विषयमा उहाँ आलोचित हुनुभएको थियो।**

◆ ◆ ◆

**ककसको विरोध ?**

तर राष्ट्रपति विद्यादेवी भण्डारी त्यसबाट चुक्नुभयो। राष्ट्रपति भण्डारीको पुतला देशैभर जलाइएको छ। उहाँको विरुद्धमा देशभर प्रदर्शन भइरहेको छ। मधेशमा मात्र होइन, पहाडमा पनि उहाँको पुतला जलाइएको छ। काँग्रेस, माओवादी, जसपा, लोसपालगायतका दलहरुले उहाँको विरोध गर्दै पुतला जलाउने काम गरेका छन्। प्रमुख प्रतिपक्षि दल एमालेले मात्र राष्ट्रपति भण्डारीको कदमको स्वागत गरेको छ। प्रमाणिकरण नगरेको खुशीयालीमा एमालेका युवा संघले र्‍याली निकालेको छ। राष्ट्रपति भण्डारी पनि एमाले हुनुहुन्छ। उहाँ स्वार्गीय मदन भण्डारीको श्रीमती हुनुहुन्छ। एमालेले उहाँलाई जे भन्यो, त्यही गर्नुभयो। यसअघि एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको नागरिकता ऐन संशोधनका लागि अध्यादेश ल्याउनु भएको थियो। त्यसको प्रमाणिकरण राष्ट्रपति भण्डारीले गर्नुभएको थियो। त्यो बेला उहाँ र एमाले पार्टीको निकै प्रशंसा गर्नुभएको थियो। तर त्यही नागरिकता विधेयक गठबन्धन सरकारले पारित गरेर पठाए पनि प्रमाणिकरण गर्न इन्कार गर्नुभयो। राष्ट्रपति भण्डारी र एमाले पार्टीले यसलाई इगोको रुपमा लिनुभयो।


त्यतिबेला अध्यादेशलाई पाँच दलीय गठबन्धनले विरोध गरेर खारेज गर्न लगाएको थियो। त्यसको इगो एमालेलाई छ त्यही भएर विधेयकलाई उसले पनि समर्थन गरेन। यता, राष्ट्रपति भण्डारीले नागरिकता विधेयकको बारेमा प्रतिनिधिसभालाई केही प्रश्न गर्नुभएको थियो। तर त्यसको कुनै जवाफ नदिइकन पुनः जस्ताको त्यस्तै राष्ट्रपति कार्यालय पारित गरेर फर्काइएको थियो। त्यसलाई राष्ट्रपति भण्डारीले अपमानको रुपमा लिनुभयो र जानी जानी त्यसलाई पारित गर्नुभएन र कलङ्कको टिका लगाउनुभयो।

**विवादै विवाद कार्यकाल**

उहाँ दुई कार्यकाल राष्ट्रपतिमा रहेपनि विवादमुक्त कहिले रहनु भएन। पहिलो कार्यकालमा पनि राष्ट्रपति भण्डारी सप्तरीको छिन्नमस्ता मन्दिरमा जाँदा आफ्नो सुरक्षाका लागि खटिएका सैनिकलाई जुत्ता बोकाएको विषयमा उहाँ आलोचित हुनुभएको थियो। पहिलो कार्यकालमै सरकारका तर्फबाट राष्ट्रियसभामा मनोनीत गरिने तीन सदस्यसम्बन्धी अध्यादेशलाई स्वीकृत

**बाँकी पृष्ठ १२ मा**

## यस भित्र



**दशैंमा चुनावी चहल पहल: सकसमा मधेश केन्द्रित दल**

● लेख, पृष्ठ ४



**कम से कम मधेशका लागि एमालेले केही गर्न खोजेकै हो नि**

● अन्तरवार्ता, पृष्ठ ५



**भारतबाट मार्क्सवादी भएर फर्किनु भएका अकवाल**

● प्रोफाइल, पृष्ठ १०


बडा दशैंको शुभकामना

**विजया दशमी २०७९** को सुखद अवसरमा पाठक वर्ग, विज्ञापन दाता तथा देश विदेशमा रहेका सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र उत्तरोत्तर प्रगतिको हार्दिक **शुभकामना** व्यक्त गर्दछौं ।

सहारा टाइम्स परिवार

## अभिमत

## सम्पादकीय

# बदनाम समानुपातिक

देशका सबै वर्ग जातजातिहरूले सँख्याको आधारमा राज्य संरचनाको सबै तहमा सहभागी हुन पाउने व्यवस्थालाई समानुपातिक प्रणाली भनिन्छ । अल्पसँख्यक, सीमान्तकृत एवं बहिष्कारणमा परेका समुदायलाई राज्य निर्माणको मूलधारमा ल्याउने माध्यमका रूपमा हेरिने समानुपातिक प्रणालीको विकास भएको थियो । २०६४ मा भएको संविधानसभाको चुनावबाट यो समानुपातिक निर्वाचण प्रणालीको सुरूवात भएको थियो ।

तर जुन उद्देश्यका साथ यो प्रणाली लागु भयो । त्यस्तो देखिएको छैन । समानुपातिक प्रणाली बदनाम प्रणालीको रूपमा परिचित हुन थालेको छ । प्रत्यक्ष निर्वाचन प्रणालीमा 'पहिलो हुनेले जित्ने प्रणाली' का केही संरचनागत समस्या प्रकट भएका थिए । यसले गर्दा पार्टी भन्दा व्यक्ति बलियो हुन थाले । 'जसको लाठी उसैको भैंस' जस्तो भएको थियो । पैसा हुनेहरू राजनीतिमा हावी हुन थाले, हुने खानेहरूको दवदवा राजनीतिमा हुन थाल्यो, ठूला ठूला घरानिया परिवारका व्यक्तिहरू मात्र राजनीतिमा देखिन थाले । त्यसले गर्दा निर्वाचन खर्चिलो हुँदै गयो । त्यसले गर्दा निर्वाचनमा अस्वस्थ प्रतिस्पर्धा हुन थाल्यो । बुथ कब्जा गर्नेदेखि लिएर अन्य अपराधका कार्यहरू हुन थालेका थिए । प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत पिछडिएका, उत्पीडित र सीमान्तकृत समुदायको प्रतिनिधित्व कमजोर हुँदै गयो । पिछडिएका समुदाय, सीमान्तकृत समुदाय कहिले राजनीतिमा नआउने अवस्था सृजना भयो । नीति निर्माणको तहमा उनीहरूको पहुँच नहुने देखेपछि समानुपातिक निर्वाचन प्रणालीको सुरूवात भएको हो । सीमान्तकृत समुदाय, पिछडिएका समुदायका लागि यो प्रणाली आएपनि त्यसमा निकै विकृति, विसंगतिले डेरा जमायो ।

लेसमानुपातितर्फ बढीमा ११० जना र कम्तीमा ११ जना उम्मेदवार दिनु पर्ने अनिवार्य गरेको छ । त्यसमा दलित (१३.८ प्रतिशत), आदिवासी जनजाति (२८.७ प्रतिशत), खस आर्य ३१.२ प्रतिशत), मधेशी (१५.३), थारू (६.६ प्रतिशत) र मुस्लिम (४.४ प्रतिशत) ले मात्र हक पाउने हो । असलमा ती समुदाय तथा वर्ग त्यसका हकदार हुन् तर जो पार्टीका शीर्ष नेता हुनुहुन्छ, त्यसका परिवारका सदस्यको भर्ती केन्द्र जस्तै भयो । श्रीमती, छोरा, छोरी, बुहारी, ज्वाइँ, सम्धी, सम्धीनीलाई स्थान दिन था । त्यसले पनि पुगेन भने भञ्जा, भाञ्जी, माइजु, नाना, नामी, काका, काकी, भजिता, भतिजी, नाती, नातिनासम्म पुगिसकेका छन् । आफ्नो आफन्त भेटेन भने टाढाका रिश्तेदारलाई पनि खोजेर राख्न थाले । समानुपातिकका दलित महिला उम्मेदवार चाहियो भने पार्टीभित्रकै कुनै दलित नेताले आफ्नो श्रीमती वा छोरीको नाम हाल्न लगाउँछन् । कुनै मुस्लिम महिला चाहियो भने पार्टीभित्रकै कुनै मुस्लिम नेताको श्रीमती वा कुनै आफन्तको नाम मात्र पठाउँछन् । मधेशी पुरूष वा महिला चाहियो भने त्यस्तै, आदिवासी जनजाति चाहियो भने त्यस्तै हुने गरेका छन् । अर्थात ९५ प्रतिशत उम्मेदवार आसेपासे, आफन्तका हुन्छन् ।

पछिल्लो समय त समानुपातिक सीट किनबेच समेत हुन थालेका छन् । कुनै नेताले आफन्त वा परिवारका सदस्यलाई राख्न सकेनन् भने त्यो सीट रकम लिएर कसै बाहरियाको हातबाट बेचेका हुन्छन् । जसलाई राजनीतिसँग मतलब हुँदैन । पैसाबाल हुन्छ उनीहरू पैसा तिरेर समानुपातिक सीट खरिद गरेका हुन्छन् । विनोद चौधरी, श्रवण अग्रवाल, उमेश श्रेष्ठलगायतका व्यक्तिहरू त्यसैको उपज हो । पैसाको बलामा उनीहरूले समानुपातिक सीट हात पारेका हुन्छन् । र, उनीहरूका कारण जो त्यहाँ आउनु पर्ने तर आइरहेका हुँदैनन् । २०६४ को पहिलो संविधानसभा चुनावमा धेरैजसो उपयुक्त व्यक्तिले समानुपातिक सदस्यमा सीट पाएका थिए । पिछडिएका तथा सीमान्तकृत समुदायबाट आएका थिए । धेरैले मन्त्री बन्ने अवसर पनि पाए । वास्तविक समावेशी संविधानसभा त्यतिबेला मात्र देखिएको थियो । तर २०७० को दोस्रो संविधानसभाबाट ती सबै भताभुङ भयो । नेताहरूले धमाधम आफ्नो श्रीमती, छोराछोरी, सम्धी सम्धनीलाई ल्याउन थाले । त्यही २०७० को चुनावमा राजेन्द्र महतो, अनिलकुमार झा, राजकिशोर यादवलगायतका नेताहरूले आआफ्ना श्रीमतीलाई समानुपातिक सांसदपछि निकै आलोचना भएको थियो । अन्य दलका नेताहरूले पनि आआफ्ना श्रीमतीलाई समानुपातिकबाट संविधानसभा सदस्य बनाएका थिए ।

त्यसको निरन्तरता हालसम्म देखिएको छ । अझ विकृत हुँदै गइ रहेका छन् । अहिले त किनबेचत समेत हुन थालेका छन् । समानुपातिक निर्वाचन प्रणालीलाई व्यपार बनाइ सकेका छन् । रकम तिरेर समानुपातिकबाट सांसद भएकाहरू दल विभाजन गर्नमा माहिर हुन्छन् । उनीहरूले अगुवाई गरिरहेका हुन्छन् किनभने उनीहरूले रकम तिरेर सांसद बनेका हुन्छन् । र, पार्टी विभाजन गर्दा रकम लिएर त्यसमा संलग्न भएका हुन्छन् । रातो पासपोर्ट काण्ड पनि त्यसैको उपज हो । समानुपातिक प्रणालीका कारण यस्ता थुप्रै विकृतिहरू देखिएका छन् । त्यसैले यसलाई सुधार गर्नका लागि नियमलाई कडाईका साथ पालन गर्नुपर्‍यो वा त्यसलाई खारेज नै गर्नुपर्‍यो ।

## तथ्यांक आफै बोल्छ

### नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)

| क्षेत्र | भारत | | चीन | | नेपाल | |
|---|---|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| प्राथमिक क्षेत्र | २१.१ | ३.९ | ७.३ | ७.१ | ३०.१ | २.४ |
| द्वितिय क्षेत्र | २५.९ | ११.८ | ३९.४ | ८.२ | १५.५ | १०.३ |
| तृतीय क्षेत्र | ५३.० | ८.२ | ५३.३ | ८.२ | ५४.४ | ६.० |
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | ९.२ | | ८.१ | | ५.८ | |

*स्रोत : भारत : आर्थिक सर्वेक्षण २०२१/२२*
*चीन : नेशनल ब्यूरो अफ स्टयाटिस्टिक्स,२०२२*
*नेपाल : केन्द्रीय तथ्याङ्क विभाग, २०२२*

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### मसिहाबाट मधेशलाई बचाउ

मधेशलाई कसैले कमजोर गर्न लागेको होइन, वा कमजोर गरेको होइन । मधेशलाई कमजोर गर्ने यिनै मसिहा भनाउँदा महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतो, अनिलकुमार झा, राजकिशोर यादव, शरतसिंह भण्डारीलगायतका हुनुहुन्छ । जबसम्म मधेशको राजनीतिमा उहाँहरु रही रहनु हुन्छ तबसम्म मधेशको न कल्याण हुन्छ न विकास । उहाँहरुका कारण मधेश बर्बाद भइरहेको छ । बेकारमा यसको दोष शेरबहादुर देउवा, केपी शर्मा ओली र प्रचण्डलाई दिने गरिन्छ । उहाँहरुले चाहनु हुन्छ कि मधेश कमजोर भइ हालोस् तर के यी कुरा मधेशका मसिहालाई थाह छैन । के उहाँहरुलाई थाह छैन कि शेरे, प्रचण्ड, ओलीले हामीलाई फुटाउन चाहनु भएको छ, हामीलाई युज गर्न लागेको छ । उहाँहरुलाई यी सबै कुरा थाह छ तर अलिकति लोभका कारण मधेशलाई बर्बाद गरिरहनु भएको छ । ठूला दलसँग नजिक रह्यो सत्तामा भागबण्डा पाइन्छ । मन्त्री बन्न पाइन्छ यो मात्र एउटा लोभ हो । अलिकति सक्रिफाइज गर्न सकियो भने मधेशको कल्याण हुन्छ भनि सोचेको छैन । अरु केही होइन, सत्ताका लागि मसिहाहरुले मधेशलाई बर्बाद गरेको छ । अबको आवश्यकता मधेशलाई यी मसिहाबाट जोगाउनुपर्छ ।

***योगेन्द्र यादव, सप्तरी***
***राजविराज-५, हाल, काठमाडौ***

### विस्तारै खाली हुँदैछ जसपा, लोसपा

जसपा, लोसपा, जनमतलगायतका दलहरु ठूला दलसँग गठबन्धन गरिरहेका छन् । कोही काँग्रेसतिर लागेका छन् भने कोही माओवादीतिर । कोही एमालेतिर लागेका छन् । चुनाव जित्नकै लागि यी दलहरु माओवादी, एमाले, काँग्रेस बन्न तयार छन् भने मधेशका जनता काँग्रेस, माओवादी, एमाले बन्यो भने के हर्जा । आखिर लोसपा, जसपा, जनमतमा लागेका कार्यकर्ता तथा नेतालाई त्यही काँग्रेस, माआवादी र एमालेमा मतदान गराउने लगाउने हो । काँग्रेस, माओवादी, एमालेलाई नै मतदान गर्ने हो भने किन न त्यही पार्टीमा जाने त । उपेन्द्र यादव, महन्थ ठाकुरहरुले शेरबहादुर देउवा, प्रचण्ड, केपी ओलीको पछि लाग्न हुने सो पार्टीका नेताहरु त्यही पार्टीमा जान किन नहुने । केही वर्षदेखि मधेशवादी दलमा लागेका नेता तथा कार्यकर्तामा यो सोच आएको कारणले विस्तारै विस्तारै जसपा, लोसपा खाली भइरहेका छन् । त्यो दलका ठूला ठूला नेताहरु काँग्रेस, माओवादी, एमालेमा गइरहेका छन् । केही दिनमा मधेशकै जिल्लाहरुमा मधेशी दल कमजोर हुने निश्चित छ ।

***सविता यादव***
***सर्लाही, बबरगञ्ज***

### जसपालाई ओली र प्रचण्डले फुटाउनु भयो

आफ्नो घर कमजोर भयो भने धेरैबाट धक्का लाग्छ । त्यसैले पहिला आफ्नो घर बलियो बनाउनुपर्छ । सहारा टाइम्सले लेखेको समाचार मधेश कमजोर गर्ने 'ग्राण्ड डिजाइन' पढे । समाचारमा उल्लेख भए अनुसार सत्ताधारी पाँच दलीय गठबन्धन र नेकपा एमालेले मधेशलाई कमजोर गर्न ग्राण्डडिजाइन गरेको देखिन्छ । हामी किन यति कमजोर हुने कि अरुले हामीलाई ढाल्न सकोस् । जबसम्म मधेशमा लोसपा र जसपा एक हुँदैन तबसम्म काँग्रेस, एमालेहरुले मधेशमा यसैगरि खेल्छन् । यी दुई दलको एकता हुँदा काँग्रेस, एमालेहरुको होस हवास उडेको थियो । पुरै षड्यन्त्र गरेर नै जसपा फुटाइयो । सबैलाई थाह छ जसपा फुटाउनमा एमालेको हात छ । एमालेले महन्थ ठाकुरहरुलाई साथमा लिएर जसपा फुटाएको थियो । पछिल्लोसमय पुनः जसपा विभाजन हुँदा माओवादीले बाबुरामलाई साथमा लिएर फुटाएको थियो । अर्थात दलकै नेताहरु ठूला दलका नेताहरुबाट प्रयोग भइ दिएपछि मधेशी दललाई कमजोर बनाएका हुन् । मधेशी दल कमजोर हुनु भएको मधेश कमजोर हुनु हो ।

***गौरी चौधरी, कपिलवस्तु, मायादेवी***
***हालः काठमाडौं, वागवजार***

## फेसबुक



**सुरेन्द्रकुमार झा**

राष्ट्रपति महोदयले प्रमाणिकरण नगरेको विद्यमान "नागरिकता विधेयक २०७९" कार्यान्वयनमा नआउँदा के के हुन्छ ?

१. जन्मसिद्ध नागरिकका सन्तानले पाउनु पर्ने तर २०७२ असोजदेखि कानुनको अभावमा रोकिएको लाखौ नेपाली नागरिकले नागरिकता पाउने छैनन ।
२. पितृत्वको ठेगान नभएका नेपाली नागरिकले संविधान बमोजिम आमाको नामबाट पाउने भनिएको नागरिकता पाउने छैनन ।
३. संविधानले व्यवस्था गरेको गैर आवासीय नेपालीले पाउने भनिएको "आर्थिक, सामाजिक तथा सास्कृतिक" अधिकार सहितको गैर आवासीय नेपाली नागरिकता पाउने छैनन ।
४. तर २००९ साल, २०२० साल, २०३२ साल, २०३८ साल, २०४९ साल र २०६३ सालसम्म निरन्तर कायम रहेको कानुनी प्रावधान अनुसार आज/अहिलेसम्म पाइरहेको "वैवाहिक अंगिकृत नागरिकता" लिन वा पाउन भने कुनै बाधा पर्ने छैन । (यदि यो विधेयक पास नभए पनि)
५. किनभने २००९ सालदेखि २०६३ सम्मको नागरिकता कानुन र केपी ओलीको विधेयक २०७५ एवम् अध्यादेश २०७८ मा पनि त्यो प्रावधान कायमै राखिएको वा नचलाएको अवस्था हो । जुन अहिलेको विधेयकमा पनि चलाएको छैन ।
६. वैवाहिक अङ्गिकृतलाई बिना सर्त नेपाली नागरिकता दिदा नेपाल १० वर्षमा फिजि र सिक्किम हुन्छ भन्ने हो भने २००९ सालदेखि निरन्तर ७० वर्ष अर्थात आजसम्म लागू भइरहेकै छ । यसो गर्दा के भएको छ ? सबैलाई थाहा छैन ? अनि एमालेलाई मात्रै थाहा भएको भए २०७५ को विधेयक र २०७८ को अध्यादेशमा किन नसच्याएको ?
७. आफूले विधेयक र अध्यादेशमार्फत जुन व्यवस्था ल्याएको थियो अहिलेको विधेयकमा उहीं कुरा छ, भने एमालेले मात्र देखेको राष्ट्रघात कहाँ हो ? जनतालाई जवाफ दिनु पर्दैन ?
८. अनि आफ्नै पार्टीका प्रधानमन्त्रीले संसद विघटन गरेर अध्यादेशमार्फत यहि प्रावधान लैजाँदा केही घण्टामा जारी गर्ने राष्ट्रपतिले संसदको दुवै सदनले दुई दुई पटक पारित गरेर लैजाँदा प्रमाणिकरण नगर्नुको कारण जनतालाई भन्नु पर्दैन ?
९. अब पनि सामाजिक सञ्जालमा फैलिएको भ्रमका आधारमा होइन । विद्यमान संवैधानिक र कानुनी प्रावधान पढेर आफै छुट्याउ कसले भ्रम फैलाउदैछन् ।
१०. मैले यति भनि रहँदा नक्कली राष्ट्रवादको भावाबेगमा बहकिएर कसैलाई राष्ट्रघाती भनेर गाली गर्नु भन्दा पहिले एक पटक नेपाली आमा बाबुका सन्तानले "कानुनको अभावमा नागरिकता नपाएर" उच्च शिक्षा अध्ययन गर्न, बैंक खाता खोल्न, सवारी चालक अनुमती पत्र लिन, मोबाइलको सिम लिन, समाजिक संस्था वा सहकारीको सदस्य हुन, सरकारी वा निजि क्षेत्रमा जागिर खान र व्यवसाय दर्ता गरि खान मात्रै होइन कोभिड-१९ को खोप लगाउन समेत नपाएका लाखौ नेपाली नागरिकको दर्दनाक पीडा सम्झनु होला ।
११. त्यति पनि पढ्न र गर्न मन लागेन भने "उमेर पुगेर पनि आफूसँग नागरिकता नभएको अवस्था वा राज्यले नागरिकता नदिने भन्यो भने के होला भनेर सोचौ । कसैको मौलिक हकमा अरुले खप्नै नसक्ने खोक्रो राष्ट्रवादको राजनीति नगरौ ।
१२. सिक्किम भारतमा बिलय गराउनु पहिले सिक्किमका तत्कालिन प्रधानमन्त्री लेण्डुप दोर्जी पनि यस्तै भारत बिरोधी उग्र चर्को राष्ट्रबादी नारा लगाएर विधानसभामा पुगे । पहिले जम्मा ३२ सिटमा ८ सिट र दोश्रो पटक ३२ मा ३१ सिट जितेका थिए । ८ सिट जितेको बेला भारत बिरुद्ध चर्का चर्का नारा लगाउदै पार्टीको कार्यक्रम तय गर्थे तर ३१ सिट जिते पछि सिक्किमको प्रधानमन्त्री बने अनि त्यही भारतको इशारामा आफैले सिक्किमलाई भारतमा बिलय गराउने प्रस्ताव विधानसभाबाट पारित गराए ।
१३. त्यसैले असली र नक्कली राष्ट्रवाद चिन्न कठिन हुन्छ । अहिले यहाँ यस्तै भइरहेछ ।

# नयाँ पार्टी खोलेर विद्रोह गर्ने मुडमा राजेन्द्र महतो !

'पाँच वर्षमा के गरे, यत्रो आन्दोलन भयो । यतिका मान्छे सहादत दिए । यतिका मान्छे घाइत भए । तर मधेशले के पायो ? अब फेरि चुनाव लडेर त्यही संसदको चक्कर लगाउने, मन्त्री बन्ने फेरि पाँच वर्षको समय त्यसैगरि सकिन्छ, यसबाट मधेशलाई फाइदा के भयो त ?' यो प्रश्न लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले आफ्ना निकट नेताहरुसँग गर्नु भएको छ । असोज ६ गते अनामनगरस्थित आफ्नो सम्पर्क कार्यालयमा उहाँले आफ्ना निकट केही नेताहरुलाई राखेर उहाँल् आफ्नो बारेमा आफै समिक्षा गर्दै यस्तो प्रश्न बारम्बार गर्नुभयो ।

उहाँले पाँच वर्षको समिक्षा गर्नुभयो । पाँच वर्षमा के गरे, यत्रो आन्दोलन भयो । यतिका मान्छे सहादत दिए । यतिका मान्छे घाइत भए । तर मधेशले के पायो ? उहाँको निष्कर्ष छ मधेशले केही पाएन । फेरि चुनाव हुँदैछ । करौडो रुपियाँ खर्च गरेर चुनाव जित्ने । सांसद भएपछि मन्त्रीका लागि दौडधुप गर्ने, सरकारमा जाने मन्त्री बन्ने, फेरि सरकार बाट हटाउन प्रपञ्च हुन्छ । अर्को सरकार बन्छ । फेरि अर्को सरकार बन्छ । यसै गरी बित्ने छन् फेरि अर्को पाँच वर्ष । त्यसैको लागी चुनावमा जाने हो त भनि आफ्ना निकट नेताहरुलाई बारम्बर उहाँले प्रश्न गर्नुभयो ।

अरु दिनको तुलनामा त्यो दिन वरिष्ठ नेता महतोको मुड अलि बढी नै अफ थियो । मुड अफको एउटा अर्को कारण पनि थियो । सहमतिमा तयार गरेको समानुपातिक उम्मेदवारको सूचीमा नै गडबड भएको छ । सहमतिमा एउटा सूची तयार भयो र तर निर्वाचन आयोगमा पुग्दा अर्को सूची गयो । त्यो थाह पाएर नेता महतो निकै दुखी हुनुभयो । यसको बारेमा उहाँले लोसपाका अध्यक्ष महन्थ ठाकुरसँग पनि कुरा गर्नुभयो । तर अध्यक्ष ठाकुरले तपाईहरुकै सहमतिमा बनाएर दिएको लिस्ट हो अब त्यसमा कुनै हेरफेर हुने छैन भनि जवाफ दिनु भएको थियो । अध्यक्ष ठाकुरले आफ्नो छोरी र आफ्नो नातीको नाम प्राथमिकतामा राखेर पठाएपछि नेता महतो आक्रोशित हुनु भएको थियो ।

त्यसपछि उहाँले आफ्ना निकट नेताहरुलाई भेला गरेर पार्टीको विकल्प खोज्ने प्रस्ताव राख्नु भएको थियो । उहाँले आफ्ना निकट नेताहरुको छलफलमा भन्नुभयो, 'मधेशका समस्याका जस्ताको त्यस्तै छ । नागरिकताको समस्या समाधान भएको छैन, वर्षौंदेखि संविधान संशोधनका लागि

**'पाँच वर्षमा के गरे, यत्रो आन्दोलन भयो । यतिका मान्छे सहादत दिए । यतिका मान्छे घाइत भए । तर मधेशले के पायो ? अब फेरि चुनाव लडेर त्यही संसदको चक्कर लगाउने, मन्त्री बन्ने फेरि पाँच वर्षको समय त्यसैगरि सकिन्छ, यसबाट मधेशलाई फाइदा के भयो त ?' यो प्रश्न लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले आफ्ना निकट नेताहरुसँग गर्नु भएको छ**

हामी चिच्याई रहेका छौं, लाठी खाइ रहेका छौं, त्यसका लागि ज्यान पनि गएको छ, फेरि हामी जहाँ थियौं त्यही आइपुगेका छौं, त्यही भएर यो चुनावको अर्थ छैन ।'

उहाँले नयाँ पार्टी गठन गरेर चुनाव वहिष्कार गरी आन्दोलनमा जाने कुरा राख्नु भएको थियो । उहाँले भन्नु भएको थियो, 'चुनाव नै लड्ने हो भने लोसपा छदैछ, त्यहाँबाट म टिकट पाइ हाल्छु, चुनाव पनि जिति हाल्छु तर समस्या त्यतिले मात्र समाधान हुँदैन त्यसैले चुनावमा जाने मेरो 'मुड' छैन त्यही भएर नयाँ पार्टी बनाएर आन्दोलनमा जाउँ ।' महतोले नयाँ पार्टी खोलेर चुनावी राजनीति होइन, अधिकारका लागि संघर्ष गर्ने प्रस्ताव गर्नुभएको थियो । 'चुनावको राजनीति जसपा, लोसपाले गरोस् म नयाँ पार्टी खोलेर संघर्षको राजनीति गर्छु, उहाँले भन्नुभएको थियो ।

तर उहाँ निकट नेताहरुले तत्कालै राजेन्द्र महतोको प्रस्तावलाई स्विकार गर्नुभएन । उहाँहरुले अहिले नयाँ पार्टी गठन गर्ने समय होइन, चुनावको मुखमा नयाँ पार्टी गठन गरेर आन्दोलनमा गयो भने गलत सन्देश जान्छ, आन्दोलनले गति लिँदैन, जनता पनि अहिले चुनावको मुडमा छैन भनि सुझाव दिनुभएको थियो । यसको बारेमा चुनावपछि सोच्न सकिन्छ भनि उहाँहरुले सुझाव दिनु भएको थियो ।

यो सुझावपछि नेता महतो अलि शान्त हुनुभएको थियो । र, उहाँ काठमाडौं छाड्नु भयो । एकाएक उहाँ सर्लाही जानुभयो । अध्यक्ष ठाकुरले बैठक बस्नका लागि आग्रह गर्दागर्दै उहाँ असोज ७ गते सर्लाही जानुभयो । सर्लाहीमा पनि उहाँले विभिन्न व्यक्तिहरुसँग छलफल गर्नुभयो । त्यहाँ छलफल गरिरहेकै बेला अध्यक्ष ठाकुरले एमालेसँग गठबन्धन गर्नुपर्छ भनि नेता महतोको संयोजकत्वमा ६ सदस्यीय वार्ता समिति बनाउनु भयो । र, त्यसको जानकारी नेता महतोलाई गराउनु भयो ।

त्यसको जवाफमा नेता महतोले आफू १० गते मात्र काठमाडौं फर्किने त्यसपछि मात्र त्यस विषयमा कुरा गर्ने भन्नु भएको थियो । सर्लाही हुँदै नेता महतो जनकपुर पनि जानु भयो । त्यहाँ पनि नेता, कार्यकर्तासँग सल्लाह गरेर काठमाडौं फर्किनु भयो । उहाँ काठमाडौं फर्केपछि एमालेसँग गठबन्धन गर्नका लागि वार्ता गरिरहनु भएको छ तर अझै पनि उहाँ बेचैन हुनुहुन्छ । चुनावमा जाने उहाँको अलिकति पनि मुड छैन । उहाँ अलमलमा हुनुहुन्छ ।

# मुख्यमन्त्रीका दावेदारले निवेदन दिएर माग्नुभयो टिकट

काठमाडौंमा समाजिक संस्था चलाउनुको साथै वकालत गर्दै आउनु भएका दीपेन्द्र झा मधेश प्रदेशको प्रमुख न्यायधिवक्ता बन्नु भएको थियो । त्यसअघि उहाँ तत्कालिन मधेशी जनअधिकार फोरम र त्यसका अध्यक्ष उपेन्द्र यादवका कट्टर विरोधी हुनुहुन्थ्यो । उहाँले त्यो कुराको उजागार बेलाबेलामा लेख लेखेर, भाषण गरेर गर्नुहुन्थ्यो । उहाँ तत्कालिन तमलोपा निकट हुनुहुन्थ्यो । पछि राजपा बन्दा राजेन्द्र महतोसँग हिमचिम राम्रै बन्यो ।

तर जब मधेश प्रदेशमा फोरमको नेतृत्वमा सरकार बन्ने भयो अनि उहाँ त्यतातिर लहसिनुभयो । त्यसका लागि पहिले मुख्यमन्त्री लालबाबु राउतलाई आफ्नो प्रभावमा पार्नुभयो । त्यसमार्फत अध्यक्ष उपेन्द्र यादवका सम्पर्कमा जानुभयो । उपेन्द्र यादवलाई प्रभाव पारेर सिधै मुख्य न्यायधिवक्ता हात पार्नुभयो । न्यायधिवक्ता भएपछि उहाँलाई मुख्यमन्त्री बन्ने लालसा पनि जाग्यो । उहाँ त्यसको तयारी गर्न थाल्नुभयो । मधेश सरकार बाट सांसद जस्तै वजेटहरु लगेर आफ्नो क्षेत्रमा छर्न थाल्नुभयो । मधेश सरकारमा उहाँको प्रभाव थियो । उहाँले त्यसैको आडमा आफ्नो क्षेत्र बनाउन थाल्नुभयो ।

पछि अध्यक्ष उपेन्द्र यादवले उहाँलाई 'तपाई प्रदेशमा होइन, संघीय संसदमा आउनुस्' भन्नु भएको थियो । त्यसपछि उहाँको मुख्यमन्त्री बन्ने सपना चकनाचुर भयो । र महोत्तरी-३ का लागि प्रतिनिधिसभा सदस्यको तयारीमा जुट्नुभयो । उहाँले न्यायधिवक्ताबाट राजिनामा दिएर जसपामा प्रवेश गर्नुभयो । तर प्रवेश गरेकै दिन सो पार्टीका स्थानीय नेता तथा कार्यकर्ताले कार्यक्रममै उहाँमाथि हुटिङ भयो । उहाँका लागि पहिलो गाँसमा ढुगां जस्तै भयो । त्यसपछि क्षेत्र तथा जिल्लामा उम्मेदवार छनौट प्रकृया सुरु भयो तर दिपेन्द्र झाको नाम महोत्तरीको न क्षेत्र, न जिल्लाबाट सिफारिस भयो । क्षेत्र तथा जिल्लाका नेताहरुले उहाँलाई पार्टीमा स्विकार गरेनन् । त्यसपछि उहाँले जसपाको मधेश प्रदेश समितिमा प्रतिनिधिसभा सदस्यका लागि महोत्तरी-३ बाट उम्मेदवार बन्न पाउन भनि निवेदन दिनुभयो ।

त्यसपछि प्रदेश समितिले दिपेन्द्र झाको मामिलामा केन्द्रले नै निर्णय गरोस् भनेर नाम केन्द्रमा सिफारिस गरि दियो । अहिले उहाँ केन्द्रमा टिकटका लागि दौडधुपमा लाग्नु भएको छ । अध्यक्ष उपेन्द्र यादवले आश्वासन दिनु भएको छ । तर महोत्तरी-३ बाट हरिनारायण यादवको पक्षमा माहोल छ । उहाँका लागि पार्टीमा उपेन्द्र यादवलाई दवाव परिरहेको छ ।

## फरकमत

# यी नेताबाट के सिक्ने !



सुनैनाकुमारी यादव

एक वर्ष वा एक महिना पनि होइन । एक साताअघि कुनै नेताले अर्को पार्टीका कुनै नेतालाई आलोचना गर्दै गाली गलौज गरिरहेका थिए तर सात दिनमै कुन यस्तो चमत्कार भयो । ती नेतालाई भगवान नै मान्न थाले । नेपाली राजनीतिमा एउटा सँस्कार नै बनि सकेको छ । कुनै नेता आफ्नो अनुकुल छ । उसले आफ्ना कुरा सबै मानि रहेका छन् भने उसलाई भगवान र मसिहा भन्न थाल्छन् । अलिकति फरकमत भयो भने भित्रैदेखि खुल्याउने काम गर्न थाल्छन् । राजनीतिका गैरसंस्कार देखाउन थाल्छन् जसको असर प्रत्यक्ष रुपमा समाजमाथि परिरहेको छ । यसको सबभन्दा नजिकको ओजिलो उदाहरण माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई लिन सकिन्छ । २०७४ को चुनावअघि माओवादी केन्द्र र काँग्रेसको सरकारी गठबन्धन थियो । त्यतिबेला माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले ओलीलाई खुल्याउनसम्म खुल्याए ।

राजनीतिक रुपमा एमालेलाई समाप्तै गर्नुपर्छ भनि पार्टीका प्रशिक्षणहरुमा भन्ने गर्थे । पार्टीका नेता तथा कार्यकर्तालाई ओली विरुद्ध उचाल्थे । संघीयता नरुचाउने केपी ओली जस्ता पात्र यो देशमा रहेसम्म गणतन्त्रको खतरा रहन्छ नै कम्युनिष्ट पार्टीलाई पनि समाप्त गर्नुहुन्छ । त्यसैले तेलाई राजनीति रुपमा समाप्त नै गर्नुपर्छ भन्दै अध्यक्ष प्रचण्डले पार्टीका नेता तथा कार्यकर्तालाई उत्तेजित बनाउने काम गरेका थिए ।

एमालेका अध्यक्ष केपी शर्मा ओली पनि के कम । उनले प्रचण्डलाई भन्नलाई केही पनि बाँकी राखेन । जंगलीहरु जंगलीराज चलाई रहेका छन्, यस्ता तत्वलाई नाश नगरेसम्म मुलुकलाई समृद्ध बनाउन गाह्रो छ भन्दै उनले माओवादी असली कम्युनिष्ट नै होइन भन्दै टिप्पणी गरेका थिए ।

तर परस्थिति यस्तो भयो कि २०७४ का लागि ती दुवै दलले वामगठबन्धन नै बनाए । वाम गठबन्धन लिएर प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा ती दुवै दले भाग लिए । त्यसैको नतिजा हो, कम्युनिष्ट दलहरु दुई तिहाई बहुमका साथ सत्तामा आए । त्यसपछि अध्यक्ष प्रचण्ड र अध्यक्ष ओली एकअर्कासँग घाँटी जोडेर सार्वजनिक मञ्चबाट एक अर्कालाई प्रशंसा गर्थे । अध्यक्ष प्रचण्डले भन्ने गर्थे, माओवादी केन्द्रले गरेको जनयुद्धमा एमालेका अध्यक्ष केपी ओलीको ठूलो सहयोग थियो ।' अध्यक्ष ओली नलागेको भए १२ बुँदे सम्झौता पनि हुँदैन्थ्यो । जनयुद्ध र कम्युनिष्ट समाप्त हुन्थ्यो जस्ता अभिव्यक्ति दिएर अध्यक्ष प्रचण्डले ओलीको प्रसंशा गर्थे । अध्यक्ष ओलीले त माओवादीले गरेको जनयुद्धलाई त महान जनयुद्ध पनि भन्न भ्याएका थिए । अध्यक्ष प्रचण्डको प्रसंशा गर्दा उनी थाक्दैन्थे । तर यो दोस्ती धेरै दिनसम्म चलेन । दुई पार्टीबीच एकीकरण भएर बनेको नेकपा बनेको दुई वर्ष नबित्दै दुईजनामा खटपट सुरु भएको थियो ।


त्यही खटपट परेपछिको अवस्थामा पार्टीभित्रै अध्यक्ष प्रचण्ड तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई भ्रष्टाचारीहरुको नेतृत्वकर्ता भनेका थिए । तत्कालिन नेकपामा अध्यक्ष प्रचण्डले लिखित प्रतिवेदन पेस गरेर ओलीमाथि भ्रष्टाचारीलगायतका विभिन्न आरोप लगाएका थिए । आफूसँग विमति राख्नेसँग प्रतिशोध साँध्न ओलीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दुरुपयोग गर्न खोजेको आरोप प्रचण्डले लगाएका थिए ।

ओलीको राष्ट्रवाद नक्कली भएको र त्यसले पार्टीलाई ठूलो क्षति पुऱ्याएको प्रचण्डको आरोप थियो । ओलीले मुलुकको हितविपरीतका गतिविधि र निर्णय गरी आफ्नो राष्ट्रवादलाई नक्कली सावित गरेको आरोप प्रचण्डले लगाएका थिए । त्यसपछि केपी शर्मा ओलीले पनि लिखित रुपमै त्यसको जवाफ दिएका थिए । अन्ततः पार्टी विभाजन भयो । माआवादी र एमाले अलग अलग भए । अहिले दुवै नेताले अर्कालाई न खुल्याएको कुनै दिन नै छैन । यो ओली-प्रचण्डमा मात्र होइन, शेरबहादुर देउवा-प्रचण्ड, देउवा-ओली, ओली-उपेन्द्र यादव, उपेन्द्र यादव-महन्थ ठाकुर, ठाकुर-ओली, माधवकुमार नेपाल-ओली, कमल थापा-प्रचण्डलगायतका हरेक नेताको बीचमा बेलाबेलामा घोचपेच भएका हुन्छन् । र, कुनैबेला त्यही नेताहरुले एक अर्कालाई प्रसंशा गरिरहेका हुन्छन् । अर्थात नेताका बीचमा नोकझोक र दोस्ती भइरहेका हुन्छन् । नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल र एमालेका अध्यक्ष ओली बीचको दोस्ती पनि सबैलाई थाह छ । तर अहिले उनीहरुले एक अर्कालाई गाली गर्ने, खुल्याउने सबै हद पार गरिसकेका छन् ।

तर भविष्यमा यी दुई दलबीच एकता भएमा एक अर्कासँग घाँटी जोडेर नै हिड्नेछन्, एक अर्काको प्रसंशा गर्नेछन् । काँग्रेसमा देउवा र रामचन्द्र पौडेल, देउवा र शेखर कोइराला बीचमा पनि त्यही अवस्था छ । काँग्रेसको महाधिवेशनमा प्रकाशनमान सिंहले देउवामाथि कस्ता कस्ता प्रहार गरिरहेका थिए । जब दोस्रो चरणको महाधिवेशन चुनावमा यी दुईजना बीच सहमति भयो त्यसपछि त्यही प्रकाशमान सिंहले देउवाको थरीथरीका प्रसंशा गरिरहेका थिए । त्यस्तै नेपाली काँग्रेसका नेता शेखर कोइराला, महासचिव गगन थापा देउवाका टपलेवलका आलोचक हुन् । तर कम्युनिष्ट नेताहरुको जस्तो गाली गलौजमा काँग्रेसका नेताहरु उत्रेका हुँदैन । मधेशवादी दलमा त नेताहरुलाई एकछिनमै मसिहा मान्छन्, एकछिनमै भ्रष्टाचारी, विदेशी दलाल, अवसरवादीको संज्ञा दिन्छन् । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव नेकपाका अध्यक्ष ओली नेतृत्वको सरकारमा रहेको बेला उनको खुब प्रसंशा गर्थे । तर सरकारबाट निस्किने बित्तिकै त्यही ओली सबभन्दा भ्रष्ट, विभेदकारी भए । ओलीलाई सरकारबाट हटाउनका लागि उपेन्द्र यादवले मोर्चाबन्दी नै गरे । महन्थ ठाकुर र उपेन्द्र यादव मिलेर जनता समाजवादी पार्टी बनाउँदा उपेन्द्रको नजरमा महन्थ ठाकुर सबभन्दा सज्जन, त्यागी र इमान्दार नेता थिए । जब पार्टी विभाजन भयो अनि त्यही महन्थ उपेन्द्र यादवका लागि सबभन्दा ठूलो दुश्मन भए ।

एक समय थियो, उपेन्द्र यादवका लागि महेन्द्रराय यादव सबभन्दा बढी प्रिय थिए । पार्टीमा उनलाई उपेन्द्र यादवले उच्च सम्मानका साथ राखेक थिए तर जब खटपट भयो तब उपेन्द्र यादवका नजरमा महेन्द्र यादव सबभन्दा तुछ भए । त्यस्तै, जब उपेन्द्र यादव र डा.बाबुराम भट्टराईबीच एकीकरण भयो अनि बाबुराम भट्टराई उपेन्द्र यादवको नजरमा पार्टीमा सबभन्दा श्रेष्ठ व्यक्ति भएका थिए । उपेन्द्र यादवले सार्वजनिक मञ्चहरुमा बाबुराम भट्टराईको प्रशंसा गर्थे तर अहिले उनेको पार्टीबाट निस्केपछि त्यही मञ्चमा उनलाई खुल्याउनु गर्छन् । उपेन्द्र यादवको नजरमा सबभन्दा नराम्रो व्यक्ति बाबुराम नै भएका छन् । बाबुरामले पनि उपेन्द्रलाई महान मान्थे, मधेशका मसिहा मान्थे तर अहिलेको उनका नाम सुन्दा अमिलो लाग्न थालेको छ । जुन व्यक्ति तथा नेताले हिजोसम्म पुतला जलाएर केपी शर्मा ओलीलाई मधेशमा निषेध गरेक थिए ।

**बाँकी पृष्ठ १२ मा**



● अनन्त अनुराग

# दशैंमा चुनावी चहल पहलः सकसमा मधेश केन्द्रित दल

मलुकमा दशैंको चहल पहलसँगै चुनावको गतिविधिले पनि तीब्रता लिएको छ । यसपालीको दशैं, तिहार, छठ चुनाव केन्द्रीत हुने देखिएको छ । राजनीतिक दलका नेताहरुले चाडपर्वबाट चुनावी फाइदा लिने देखिएको छ । विगतमा कोभिडका कारण दशैं खल्लो थियो । यसपटकको दशैंमा विगतको भन्दा दशैंमा छुट्टै रौनक देखिनेछ । दशैंको नाममा विभिन्न दलका नेताहरुले भोजभतेर गर्नुको साथै मेलामा लगाउनमा पनि उनीहरुको लगानी हुने देखिएको छ ।


अर्थात यसपटकको चाडपर्व राजनीतिमै हुने देखिएको छ । प्रतिनीधि सभा र प्रदेश सभाको चुनाव यही मंसिर ४ गते हुने निश्चित भएको छ । दलहरु चुनावको तयारीमा जुटि सकेका छन् । समानुपातिक तर्फबाट उम्मेदवारको बन्द सूची निर्वाचन आयोगमा प्रस्तुत भइसकेपछि चुनावी माहोला तातिएको छ । प्रतिनिधि सभा तथा प्रदेश सभाको प्रत्यक्षतर्फको उम्मेदवार चयनमा दलहरु लागि सकेका छन् । क्षेत्र, जिल्ला प्रदेश हुँदै केन्द्रमा सिफारिसमा पर्नु भएका दलका नेताहरुले विभिन्न समाजिक सञ्जाल तथा विभिन्न माध्यमबाट आआफ्नो चुनाव प्रचार पनि सुरु गरिसकेका छन् ।

दलहरु आउँदो चुनाव आफ्नो पक्षमा कसरी बढी जनमत ल्याउन सकिन्छ भनेर रणनीति र जोड घटाउमा व्यस्त छन् । देशमा यति बेला तीन ध्रुवको चुनावी राजनीति देखा परेको छ । पहिलो ध्रुव पाँच दलीय गठबन्धन जसमा शेरबहादुर नेतृत्वको नेपाली काँग्रेस, प्रचण्ड नेतृत्वको माओवादी केन्द्र, माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी), उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा रहेका छन् ।

दोस्रो ध्रुव अर्थात प्रमुख विपक्षी दल केपी ओली नेतृत्वको नेकपा एमाले हालसम्म सिङ्गै रहेका छन् । यद्यपी एमाले पनि महन्थ ठाकुर नेतृत्वको लोसपालगायत अन्य दलसँग गठबन्धन बनाउने गृहकार्यमा छ । तेश्रो ध्रुव भनेको अहिले स्वतन्त्रको नाममा चुनौती दिन तयार रहेका छन् । यता वैकल्पिक शक्तिको नाममा पनि पुराना शक्तिहरु एक जुट हुन तम्सिएका छन् । अर्को राष्ट्रवादी शक्ति राप्रपा लगायतका दलहरु पनि जुर्मुराएका छन् ।

तर सबै भन्दा बढी सकसमा परेका छन् मधेश केन्द्रित दल जसपा, लोसपा र भर्खरै चुनावी राजनीतिमा होमिएका जनमत पार्टी । जसपा नेपाल अहिले सत्तारुढ गठबन्धनका सारथीका रुपमा रहेको छ । उपेन्द्र यादवले चुनावी गठबन्धनमा बसेर बढी भन्दा बढी सिट पाउने भन्नेमा केन्द्रित भएका छन् । पाँच दलीय गठबन्धनभित्र उपेन्द्र यादवले कति सिट पाउने निर्क्यौल हुन सकेको छैन । सिट बाँडफाँटको बार्गेनिङ्ग अझै जारी छ । यता, उपेन्द्र यादवको पार्टीभित्र आन्तरिक लेखाजोखामा पनि हुन थालेको छ ।

पाँच दलिय गठबन्धनसँग मिलेर जाँदा बढी सिट जित्न सकिन्छ कि एक्लै वा अन्य मधेश केन्द्रित दल लोसपा र जनमतलाई पनि साथमा लिएर बढी सिट जित्न सकिन्छ । जसपाका एक प्रदेश सांसदसँग पंक्तिकारले जसपा पाँच दलीय गठबन्धनबाट चुनाव लड्दा फाइदा हुन्छ कि घाटा हुन्छ ? भनेर प्रश्न गर्दा उनले यस्तो उत्तर दिए, “जसपा पाँच दलीय गठबन्धनमा जाँदा अहिलेको भन्दा थोरै सिट पाउने सम्भावना पनि छ । गठबन्धनको हिसावले चुनाव लड्दा थ्रेस होल्ड पनि नकट्ला कि भनेर चिन्ता हुने अवस्था छ । बरु यो भन्दा त जसपा एक्लै चुनावमा जाँदा बढी भन्दा बढी क्षेत्रमा प्रत्यक्ष उम्मेदवारी दिएर अहिलेको हाराहारीमा सिट जित्न सक्छ वा यो भन्दा थोरै कम सिट प्रत्यक्षमा जितिएला तर समानुपातिकमा थ्रेस होल्डमात्रै होइन पहिले भन्दा धेरै मत आउने सम्भावना देख्छु ।’ उनको दावी थियो, ‘जसपा, लोसपा र जनमत मिलेर मधेश प्रदेशमा प्रायः सबै सिटमा मधेश केन्द्रित दलको जित हुने देख्छु तर किन मिल्न नसकेको हो बुझ्न कठिन छ । मधेशमा सबै पुराना गल्ती कमिकमजोरी छाडेर दलहरु मिलेर गएर मधेश केन्द्रित दलको साख जोगिने सम्भावना छ होइन भने सबै दलको हालत उस्तै हुने संकेत देख्दछु ।” यी सांसदको कुरा सुन्दा मधेशवादी दल कति सकसमा छन् भने कुरा पुष्टि हुन्छ ।



अर्को तर्फ, लोसपाको हालत झनै विकराल देखिएको छ । जसरी पनि शीर्ष नेताहरुलाई जिताउने उद्देश्यका साथ पाँच दलीय गठबन्धनमा सामेल हुन हर सम्भव प्रयास गर्दा असफलताबाहेक केही हात लाग्न सकेन । गठबन्धनमा गए काँग्रेसले आफनो भागबाट दुई वा बढीमा तीन सिट भन्दा बढी दिन नसकिने भनेपछि उनीहरुको पाँच दलिय गठबन्धनमा सहभागि हुने सम्भावना लगभग सकिएको छ । यद्यपी अहिले पनि लोसपाका अध्यक्ष महन्थ ठाकुर काँग्रेसका सभापति एवं प्रधानमनत्री शेरबहादुर देउवाको सम्पर्कमा हुनुहुन्छ । लोसपाको भरोसा अझै काँग्रेसबाट टुटेको छैन ।

यता, लोसपा नेपालमा अन्य विचार मिल्ने दलसँग चुनावी तालमेल गर्न पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोको नेतृत्वमा छ सदस्यीय एक वार्ता समिति बनाएको छ । जसले नेकपा एमाले लगायत अन्य दलसँग चुनावी तालमेलका लागि गृहकार्य गरी रहेका छन् । तर, नेकपा एमाले पछिल्लो समय लोसपाको ढुलमुले नीतिका कारण महन्थ ठाकुरसँग सहकार्यमा त्यति रुची देखाएको छैन ।

जुन कुरामा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली जनकपुर पुगेर लोसपा नेता राजेन्द्र महतोको क्षेत्रमा नेकपा एमालेले कसैलाई समर्थन वा सहयोग नगर्ने बल्की आफनो पार्टीको बलियो उम्मेदवार उठाउने घोषणा गर्नुभएको थियो । एमालेले धनुषा-३ बाट चुनाव लडाउन जुली महतोलाई तयार गरिरहेको सुन्नमा आएको छ । त्यही भएर लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो चुनाव कहाँबाट लड्नेमा अझै अन्योलमा हुनुहुन्छ । उहाँ हालै सर्लाही गएर आफ्नो क्षेत्रको अनुगमन गर्नुभएको छ । त्यहाँका मतदाताहरुको मन टोटल्नु भएको छ ।

यदि लोसपाको कसैसँग चुनावी तालमेल नभए एक वा दुई सिट भन्दा बढी प्रत्यक्षमा जित्न गाह्रो देखिएको छ । लोसपाका नेताहरुको कारण अगामी निर्वाचनबाट सो पार्टीका थ्रेस होल्ड पनि नकट्ने चिन्ता व्यक्त  भइरहेको छ ।

एमालेसँगको चुनावी सहकार्यको विषयमा पनि लोसपाभित्र फरकफरक मत रहेका छन् । पहिलेदेखि नै पाँच दलीय गठबन्धनमा जानुपर्ने पार्टी अध्यक्ष महन्थ ठाकुर र शरतसिंह भण्डारीको जोड थियो भने नेकपा एमालेसँग बलियो सहकार्य गरेर बढी भन्दाबढी सिट लिएर धेरै ठाँउमा उम्मेदवारी दिनु पर्नै अडानमा पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो रहेका थिए ।

यता, अध्यक्ष महन्थ ठाकुर नजिक मानिएका नेता डा. सुरेन्द्र झा पनि एमालेसँग सहकार्य गर्ने विषयमा त्यति सन्तुष्ट देखिएका छैनन् । उनको तर्क छ, एमालेसँग हाम्रो कुनै पनि विचार मिल्दैन, चुनावी तालमेल नै गर्ने हो भने जसपा, ‘जनमत वा अन्य मुद्दा मिल्ने शक्तिसँग गर्नु पर्छ ।’ डा. सिके राउतको नेतृत्वमा रहेको जनमत पार्टी पनि चुनावी लेखाजोखामा व्यस्त छन् । पार्टी अध्यक्ष राउत पनि सप्तरी निर्वाचन क्षेत्र २ बाट उम्मेदवारी दिने घोषणा गरी सकेका छन् । सप्तरी २ यसअघि उपेन्द्र यादवले जितेको क्षेत्र हो, फेरी यादव यसै क्षेत्रमा उम्मेदवारी दिने निश्चित छ । यस्तो अवस्थामा यो निर्वाचन क्षेत्र ‘ब्याटल अफ इलेक्सन’ क्षेत्रमा रहने अनुमान गर्न सकिन्छ । तर, सो क्षेत्रमा लोसपाका पनि बलियो उम्मेदवार रहेको हुनाले कडा टक्कर हुने निश्चित छ ।

मधेशका जानकारहरुका अनुसार यदि जसपा, लोसपा र जनमतबीच सहकार्य नभए दलहरु एक दुई सिट जित्लान् तर, यसले मधेश मुद्दा कमजोर हुने र भविष्यमा यसले ठूलो मूल्य चुकाउने पर्ने चिन्ता व्यक्त गर्दछन् । मधेश केन्द्रित दलको भलो अन्य दलसँग सहकार्य गर्नु भन्दा आफनै मुद्दा मिल्ने दलसँग सहकार्य गरेर गए जनताले विश्वास गर्ने बताउँछन् ।

यही कारणले होला पाँच दलीय गठबन्धन जसपालाई अझै पनि अल्मल्याई रहेका छन् । जसरी लोसपालाई पनि अलमलमा पारे, अन्तिममा जति सिट दिन्छु लिने भने लेउ नभए जाँउ भने स्थिती निमार्ण गरेर एक पछि अर्को मधेश केन्द्रित शक्तिलाई कमजोर गर्ने खेलमा लागेको छन् । मधेश केन्द्रित दल जति कमजोर भए त्यति बढी फाइदा नेपाली काँग्रेस र नेकपा एमालेलाई हुने चुनावी गुणाभाग गर्दा देखिन्छ ।


जति सक्दो छिटो जसपा, लोसपा र जनमतभित्र चुनावी सहकार्यको वातावरण बन्छ त्यति लाभदायक हुनेछ । होइन भने २०७० निर्वाचनमा मधेश केन्द्रित दलले जुन हविगत भोगेका थिए त्यो भन्दा पनि कमजोर हुनेछ । यसको ज्वलन्त उदाहरण त हाम्रो सामुन्ने छर्लङ्गै छ, चुनावको मिति नजिकिँदै जाँदा मधेशमा अहिले दल बदलको सिजन सुरु भएको छ । प्राय जसो मधेश केन्द्रित दलका पूर्व सांसदहरु ठूला पार्टी प्रवेश गर्ने लहर चलेको छ । २०७४ को निर्वाचनमा उनले धनुषा २ बाट तत्कालिन समाजवादी पार्टीबाट प्रतिनिधिसभामा निर्वाचित भएका उमाशंकर अरगरिया एमाले प्रवेश गरिसकेका छन्, यता जसपाकी सांसदद्वय अमृता अग्रहरि र रुही नाज पनि एमाले प्रवेश गरिसकेकी छिन् । बाबुराम भट्टराईले खोलेका नेपाल समाजवादी पार्टीका उपाध्यक्ष दानबहादुर चौधरी पनि एमालेमा प्रवेश गरिसकेका छन् । तर नेसपाका अर्का नेता नरसिंह चौधरी भने सिके राउतले नेतृत्व गरेको जनमत पाटीमा प्रवेश गरिसकेका छन्  । मधेसमा भइरहेको दल अदलबदलको शृंखलाले मधेस केन्द्रित दुई दल जसपा र लोसपालाई नै निकै नोक्सान पुऱ्याएको छ । मधेशमा एमाले विस्तारै आफनो बलियो उपस्थिती देखाउने बाटोमा लागेको छ ।

***(लेखक अनन्त अनुराग पत्रकार हुनुहुन्छ)***






## अन्तरवार्ता



# कम से कम मधेशका लागि एमालेले केही गर्न खोजेकै हो नि

■ जितेन्द्र सोनल
कार्यकारिणी सदस्य एवं मधेश प्रदेश अध्यक्ष, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**चुनावी तालमेलका लागि लोकतान्त्रिक पार्टी नेपालले एमालेसँग वार्ता सुरू गरेको छ । त्यही एमाले जसको मधेशसँग ३६ को आँकडा थियो र छ पनि । तैपनि लोसपाले यो रिश्क लिइरहेको छ । मधेस आन्दोलनताका लोसपाका नेताले नै एमालेमुक्त मधेश बनाउने घोषणा गरेका थिए तर २०७४ मा केपी ओली नेतृत्वमा बनेको सरकारसँग लोसपा (तत्कालिन राजपा) सम्बन्धमा अचानक सुधार आयो । र, सुधारसँगै दुई दलबीच दोस्ती पनि भयो । राष्ट्रिय सभा चुनाववदेखि लिएर स्थानीय तहको चुनावमा दुई दलबीच सहकार्य भयो । मंसिर ४ गतेको चुनावका लागि गठबन्धन बनाउने नै प्रयास भइरहेको छ । प्रस्तुत छ, लोसपा–एमाले सम्बन्ध, एमाले–मधेशबीच सम्बन्धलगायतका विषयमा लोसपाका कार्यकारिणी सदस्य एवं मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनलसँग गरिएको कुराकानीका संम्पादीत अंशः**

**मधेशमा एमालेको यति विरोध हुँदाहुँदै पनि लोसपाले किन चुनावी गठबन्धन बनाउन रिश्क लिन खोज्यो हो ?**

यो चुनावको समय हो । नेपालमा पहिलो पटक यो खालको गठबन्धनको राजनीतिक सुरु भएको छ । सबै दलले चुनाव जित्नका लागि चुनावी तालमेलको कसरतमा छन् । सोही अनुरुप लोसपाले पनि प्रयास गरिरहेको छ । लोसपाले एमालेसँग मात्र होइन विचार मिल्ने अन्य दलसँग पनि चुनावी तालमेल गर्ने भनेको छ । जहाँसम्म मधेशमा एमालेको कुरा भन्नुभयो, एक कालखण्ड थियो, त्यतिबेला एमालेको विरोध भएको थियो । त्यसरी अन्य पार्टीहरुको पनि बेलाबेलामा विरोध हुने गरेको छ । तर पछिल्लो समय एमाले मधेशप्रति सकारात्मक भएको छ । त्यही सकारात्मकताका कारण हाम्रो कुरा मिल्न गइरहेको छ । सबै दलको आआफ्नो राजनीतिक दाउपेच हुन्छ । मधेशका लागि एमाले मात्र होइन, कुनै पनि दल सकारात्मक छैन । एमालेले नागरिकताको समस्या अध्यादेशमार्फत समाधान गर्दा यही पाँच दलीय गठबन्धनमा रहेका दलहरुले त्यसको विरोध गरेर खारिज गर्न लगाएको होइन ? संविधान संशोधनका लागि पनि एमाले तयार भएको थियो ।

त्यसको लागि अध्ययन गर्न एमालेले कार्यदल पनि गठन गरेको थियो । तर त्यही पाँच दलका कारण कार्यदल विघटन भयो । एमाले नेतत्वको सरकारले मधेश आन्दोलनका क्रममा लागेका केही मुद्दा फिर्ता लियो । यी काम काँग्रेस र माओवादीले कहिले गर्न चाहेनन् । मधेशमा एमालेको जति विरोध भएपनि केही गर्ने आँट उसैले गरेको हो । यो गठबन्धनको सरकार बनेको यत्रो दिन भइसक्यो त्यो सरकारमा उपेन्द्र यादवजीको पार्टी पनि रहेको छ तर हालसम्म त्यसको बारेमा कुरा पनि उठ्दैन किन ? अहिले त यो सरकारले जे गर्न चाह्यो त्यही हुन्छ नि किन गरेको छैन । हामीले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर पटक पटक ध्यानाकर्षण गराएका छौं तर मधेशको माग पुरा गर्ने इच्छा उहाँले देखाउनु भएको छैन तर एमाले जे जस्तो भएपनि हाम्रो कुरा सुन्न त तयार भयो । त्यसैले मधेशको माग जसले पुरा गर्छ उसको साथमा लोसपा हुन्छ ।


**नागरिकताको समस्या समाधान गर्न तयार भएको एमाले फेरि अहिले त्यही नागरिकता विधेयक पास किन हुन दिरहेको छैन त ?**

तपाईले यो प्रश्न किन गर्नु भएन कि एमालेले अध्यादेशमार्फत नागरिकता ऐन संशोधन गरेर समस्या समधान गर्न खोज्दा पाँच दलले त्यसको विरोध गरेर किन खारेज गर्न लगायो । यो गल्ती त काँग्रेस, माओवादी, नकेपा एकीकृत समाजवादी, जसपाले पनि गरेका हुन नि त । पहिला ती दलहरुले गरे, आज एमालेले गरिरहेको छ । यी दलहरुको सबै मिलिभगत हो । एक पटक एउटाले विरोध गर्ने, अर्कोपटक अर्कोले विरोध गर्ने । २०६५ सालदेखि यही हुँदै आइरहेको छ । यो कुनै नयाँ कुरा होइन । तर लोसपा नागरिकता विधेयक पारित गराउने पक्षमा छ । हामीले एमाले र काँग्रेस, माओवादीलाई आग्रह गर्छौं कि तपाईहरु मिलेर यसको समाधान गर्नु होस् । नागरिकताविहिन नागरिकलाई अझ पिडा नदिनुस् ।

**तपाईहरु चुनावी तालेमलका लागि एमालेसँग वार्ता सुरु गर्नुभएको छ । यो नागरिकतालगायतका विषयमा कुराकानी हुन्छ कि हुँदैन ?**

अहिले हाम्रो छलफल र वार्ता चुनावी तालमेल केन्द्रीत हो । चुनावी एजेण्डामा मात्र हुन्छ अहिलेको वर्ता । तर हामी यस विषयमा पनि छलफल गर्छौं । चुनावी तालमेल भएपछि एकसाथ हामी चुनाव गयौं भने अगामी दिनमा यस्ता विषयमा एमालेसँग गम्भीर रुपमा छलफल हुन्छ । तर अहिले हामी चुनाव केन्द्रीत विषयमा मात्र कुरा गर्छौं । चुनाव जितेर आएपछि एमालेसँग मात्र होइन, काँग्रेस, माओवादीलगायत अन्य दलसँग पनि हामीले कुरा गर्छौं । लोसपा अर्थात यसअघिका तमलोपा, राजपाको इतिहास हेर्ने हो भने जहिले पनि मधेशको अधिकार र पहिचानका लागि लडेको पार्टी हो । जुनसुकै दलसँग मधेशको अधिकार

बाँकी पृष्ठ १२ मा



# मधेशमा एमाले बारे भ्रम छर्ने काम भइरहेको छ

रामअवतार यादव
अध्यक्ष, एमाले मधेश प्रदेश समिति

मधेशमा एमालेप्रति आकर्षण बढेको छ । दिनका दिन एमालेमा प्रवेश भइरहेको छ । एमालेले मधेशलाई नै टार्गेट गरेको छ । मधेशमा मात्र स्थानीय चुनावपछि ५० हजारभन्दा बढी व्यक्ति प्रवेश गरेको एमालेले दावी गरेको छ । अर्कोतिर मधेशमा एमालेको विरोध पनि भइरहेको छ । अकातिर प्रवेशको लहर पनि चलेको छ । यो कसरी सम्भव भइरहेको छ । यिनै विषयमा एमाले मधेश प्रदेश समितिका अध्यक्ष रामअवतार यादवसँग सहारा टाइम्सले गरेको छोटो कुराकानीको अंशः

**मधेशमा एमालेलाई भ्याइ न भ्याइ छ के जादु गर्नुभयो ?**

यो कुनै जादु होइन । सबै कुरा आँखा अगाडी नै भइरहेका छन् । मधेशको जनता, मधेशको नेता सही पार्टी पहिचान गरेका छन् । मधेशका जनताले बुझि सकेका छन् कि हाम्रो कल्याण एमाले पार्टीले मात्र गर्न सक्छ, अरु दलले गर्न सक्दैनन् । हाम्रो अध्यक्ष केपी ओलीको नेतृत्वको सरकारको समय मधेशमा जुन विकासका कामहरु सुरु भयो । त्यो कुराको कल्पनासम्म अन्य दलले गरेको छैन । ओली नेतृत्वको पालामा मधेशको मुहार नै फेर्ने प्रयास भएको थियो । कतिपय कामहरु भए पनि । कतिपय काम अहिलेका सरकारले रोक्यो पनि । केपी शर्मा ओलीसँग मधेशको विकास गर्ने जुन भिजन र मिसन छ । त्यो अरु दलका नेतामा छैन । केपी ओलीसँग मधेशमा विकास गर्ने एजेण्डा, भिजन र मिसन भएकै कारण एमालेप्रति आकर्षण बढेको हो । यसमा कुनै जादु सादु छैन ।

**एक समय त एमाले मुक्त मधेश थियो नि होइन ?**

राजनीतिमा यी सब भइरहने कुरा हो । कहिले काही जीवनमा अपत्यारो घटना भइ दिन्छ नि एमालेको राजनीतिक जीवनमा पनि त्यस्तै घटना भएको थियो । त्यतिबेला मधेशमा एमालेप्रति घृणा फैलाउने काम सुनियोजित रुपमा भएको थियो । एमालेले ढिलो चाँडो त्यसलाई चिर्ने काम गर्‍यो र आज एमाले एक नम्बर पोजिसनमा पुगेको छ मधेशमा ।

**मधेशीलाई काले भन्ने, मानव साँग्लोलाई माखे साँग्लो भन्ने, अधिकार लिने हो भने युपी विहार जाउ, मधेश आन्दोलनमा जनताले सहादत दिँदा एक दुईटा आँप झरेको भन्ने, संविधान संशोधन गर्न नमान्ने, नागरिकता विधेयक पारित हुन नदिने, एमालेका नेताहरुले भन्नु भएका यी सब कुरा भ्रम नै हो त ?**

हो, अधिकाँश कुरा एमालेमाथि लगाएको आरोप नै हो । माखो साँग्लो, काले, आँपको कुराहरु एमालेका कुनै पनि नेताहरुले भन्नु भएको छैन । यी कुराको प्रष्टीकरण हाम्रो पार्टीका अध्यक्ष केपी शर्मा ओलीले पटक पटक दिनु भएको छ । संविधान संशोधन, नागरिकता विधेयकमा एमालेको केही रिजर्वेशन होला । केही कुरामा उसको असहमति होला तर मधेशीलाई होच्याउन, घोच्याउने काम एमालेबाट पटकै भएको छैन । यदि त्यस्तो भएको भए गत स्थानीय चुनावमा मधेशको जनताले एमालेलाई पत्याउने थिएन । अहिले मधेशका जनताले एमालेप्रति जुन माया देखाएको छ त्यो हुने थिएन । आखिर ती सबै कुरा सुनियोजित रुपमा आएका थिए भने कुरा आज पुष्टि भएको छ । ती सबै कुरा गलत थिए भन्ने कुराको मधेशी जनताले अहिले आफै भनिरहेका छन् । अर्को कुरा, मधेशका माग पुरा गराउन त्यही एमाले सबभन्दा अगाडी सरेको हो । मधेश आन्दोलनको क्रममा लागेको मुद्दा फिर्ता लिने पहिलो सरकार एमाले नेतृत्वको थियो । रेशम चौधरीलाई जेलबाट निकाल्ने पहल एमाले नेतृत्वको सरकारले गरेको थियो । संविधान संशोधनका लागि कार्यदल गठन गर्नेसम्मको काम त्यही सरकारले गरेको थियो । नागरिकता ऐन अध्यादेशमार्फत संशोधन गर्ने काम एमाले नेतृत्वको सरकारले गरेको थियो । मधेशका लागि यतिका काम अहिलेसम्म कुन दलले गरेका छन् तपाई नै भन्नुस् । मधेश र मधेशी जनताले सबै कुरा थाह पाएर नै एमालेलाई साथ दिने निर्णयमा पुगेको हो ।

**नागरिकता ऐन संशोधनका लागि अध्यादेश ल्याउन सक्ने एमाले अहिले त्यही नागरिकता विधेयकलाई किन विरोध गरिरहेको छ त ?**


सत्ताधारी गठबन्धनको रवैया ठिक भएन । एमालेले नागरिकता सम्बन्धी अध्यादेश ल्याउँदा यिनै गठबन्धनले त्यसको विरोध गरेर त्यसलाई खारेज गराएको हो नि । गठबन्धनले अहिले नागरिकता विधेयक जवर्जस्ती पास गराउन खोज्यो । संसदमा कुनै छलफल नै हुन दिएन ।

बाँकी पृष्ठ १२ मा



# मधेशी युवाको

**असोज १० गते घटस्थापनपछि दशैंको सुरुवात भएका**
**छन्। कोरोना महामारीपछि मनाइने यो दशैं यसपट**
**यसपटक सहर छाडेको तथ्यांकले देखाएको छ। नवमी**
**मधेशका युवाहरु कसरी मनाइ रहे**



## सरसफाई तथा राजनीतिक गतिविधि



दशैंमा यसपटक मैले एउटा अभियान सञ्चालन गर्न गइरहेको छु। बाहिर रहेका व्यक्तिहरु पनि दशैंमा आआफ्नो गाउँ आउने भएकाले गाउँ तथा शहरलाई कसरी सफा राख्ने अभियान चलाउने छु। दशैंमा युवा तथा विद्यार्थीहरु पनि गाउँमा हुने भएकाले यो अभियान चलाउन सजिलो हुन्छ। बाटोघाटो सफा गर्नुको साथै कसैको घर अगाडी फोहर छ भने उसैलाई सफा गराउन अभियानमा संलग्न गराउने तथा आफ्नो घर तथा दैलो कसरी सफा राख्ने त्यसको ज्ञान पनि दिने अर्थात सरसफाईका लागि चेतना बढाउने काम पनि गर्नेछौं। यसपालीको दशैं चुनावी महोलमा भएको कारणले राजनीति रुपमा चुनावी महोल हुने नै भयो। म पनि सप्तरी-३ (ख) बाट चुनाव लड्ने सोच बनाएको छु। जिल्ला तथा प्रदेशबाट नाम सिफारिस भएको छ। यद्यपी हालसम्म टिकटको फाइनल भएको छैन। टिकट फाइनल नभएको कारणले म त्यति उत्साहित छैन। जुन दिन टिकट फाइनल हुन्छ त्यो दिनदेखि अभियान नै चलाउने छु। तर राजनीति व्यक्ति भएको कारणले यो दशैंमा विगत पाँच वर्षमा गरेको कामहरुको समिक्षा, अगामी दिनको यात्राको विषयमा क्षेत्रमा जनतासँग समान्य छलफल गर्नेछु। शुभकामना अदान प्रदान पनि हुनेछ।

***विक्की यादव, केन्द्रीय सदस्य एवं प्रदेश सांसद, जनता समाजवादी पार्टी नेपाल***

## क्षेत्रका जनतासँग यसपटक दशैं मनाउने तयारी छ



यसपटको दशैं चुनावमै हुने भएको छ। म पनि सप्तरी-२ (ख) बाट चुनाव लड्ने तयारी गरिरहेको छु तर टिकटको कन्फर्म भएको छैन। यद्यपी टिकट पाउनेमा म ढुक्क छु त्यही भएर थोरै समयका लागि भएपनि क्षेत्रमा घुम्ने तयारी छ। आफ्ना क्षेत्रका जनतासँग शुभकामना अदान प्रदान गर्नुको साथै अगामी चुनावका लागि ठूला वडाबाट आशिर्वाद थप्ने काम गर्छु। दशैंमा अधिकाँश समय राजनीतिक रुपमा जनता तथा पार्टीका कार्यकता र नेताहरुसँगको भेटमै बित्नेछ। सप्तरीमा विभिन्न शक्ति पिठहरु छन्। त्यहाँ भव्य मेला लाग्ने गरेका छन्। समय भ्याएमा शक्तिपिठहरुमा पनि जाने सोच बनाएको छु। तर अधिकाँश समय क्षेत्रमा नै नेता तथा कार्यकर्तासँग बिताउने उहाँहरुसँग रमाइलो गर्ने सोच बनाएको छु। दशैं जस्तो पर्वमा बाहिर रहेका सबै व्यक्तिहरु गाउँ आउने भएकाले पुराना साथीहरुसँग भेटघाट हुनुको साथै चुनावका लागि विचार विमर्श गर्ने मौका पनि प्राप्त हुन्छ। कतिपय यस्ता व्यक्तिहरु छन् जो चुनावको समयमा मत खसाल्न आउँदैन तर दशैंमा घर आएका हुन्छन्। उनीहरुसँग पनि चुनावको बारेमा कुराकानी गर्ने अवसर प्राप्त हुनेछ। मुर्ती बनाएर विभिन्न ठाउँमा मेला लगाएका हुन्छन्। ती मेलामा हजारौं व्यक्ति हुन्छन् त्यस्ता मेलामा गयो भने अनेक प्रकारका व्यक्तिहरुसँग भेटघाट हुन्छ र सरसल्लाह हुन्छ। दुर्गा भवतीसँग यही कामना गर्छु कि यसपटकको चुनावमा राम्रा र इमान्दार व्यक्तिलाई छनौट गरेर संसदमा पठाओस्।

***डा.शरतसिंह यादव, नेता लोकतान्त्रिक समाजवादी पार्टी नेपाल***

## मतदाताहरुलाई भेटेर धन्यवाद ज्ञापन गर्छु



परिवारका साथमा साधारण तरिकाले दशैं मनाउँछु। मेरो पहिलाका दशैं तडक भडक थिएन यसपटक पनि हुने छैन। साधारण तरिकाले दशैं मनाउने गरेको छु। महोत्तरीको रामनगर गाउँपालिका अन्तरर्गत रहेका विभिन्न शक्तिपिठहरुमा गएर दर्शन गर्नुको साथै पुजापाठक समेत गर्छु। नवमीको दिन दुर्गामन्दिरमा गएर बली समेत प्रदान गर्छु। स्थानीय चुनावमा स्थानीय तहमा चुनाव लडेका थिए। चुनाव हारे तर जनताले मलाई जेजति विश्वास गरेर मलाई मत दिनुभयो त्यसका लागि म अभारी र ऋणी छु। यसअघि नै सबैलाई धन्यवाद दिइसकेको छु। यो दशैंमा पनि सकभर सबैलाई भेटेर धन्यवाद दिनेछु। पाँच वर्षपछि हुने चुनावमा फेरि आउँछु भनि जनता समक्ष प्रतिवद्धता पनि जनाउँछु। चुनावको मुखमै यसपालीको दशैं आएको हुनाले क्षेत्र तथा गाउँमा चुनावी माहोल नै ज्यादा हुन्छ। चुनावी चर्चाले नै दशैंको माहोललाई छोपेको हुन्छ। त्यस अवस्थामा म पनि आफ्नो पार्टीका सम्भावित उम्मेदवारहरुसँग भेटघाट गर्नुको साथै चुनावी रणनीति बनाउने काम पनि हुन्छ। दशैंमा शहर वजारभन्दा गाउँघरमा नै बढी चहल पहल हुन्छ र रमाइलो पनि। यसपटक अलि बढी नै हुन्छ किनभने गत वर्ष कोरोनाको महामारी थियो। मान्छे डराएर बाहिर रहेका पनि गाउँ गएका थिएनन्। गाउँमा भएकाहरु खुलेर दशैं मनाएका थिएनन्। भिडभाडामा जाँदैन्थे तर यसपटक महामारी छैन खुलेर दशैं मनाउँछन्।

***मनिष मिश्रा, नेता, लोकतान्त्रिक समाजवादी पार्टी***

## यसपटको दशैं चुनावमै हुन्छ



अहिले चुनावको माहोल चारैतिर फैलिएको छ। दशैं फेस्टिवलको मुडमा कोही पनि देखिएको छैन। उम्मेदवारदेखि मतदातासम्म सबैलाई चुनावकै चिन्ता छ। जसले टिकट पाएको छैन, त्यसले कसरी टिकट पाउने चिन्ता छ। मतदातालाई कसले टिकट पाउँछन्, अगामी चुनावमा मेरो क्षेत्रमा को आउँदैछन् उम्मेदवार बनेर त्यसको चिन्ता छ। यसपटकको चाडपर्व चुनावमै हुने भयो। यसको फाइदा उम्मेदवारहरुले अवश्य लिनेछ। म पनि सिरहा क्षेत्र नम्बर ४ (क) मा उम्मेदवारी दिने सोच बनाएको छु। त्यसको तयारीमा लागेको छ। मेरो पनि यसपटको दशैं चुनावमा फोकस हुन्छ। नमवी, दशमीमा गाउँमा नेता तथा कार्यकर्ता एवं मतदातालाई भेट्ने काम गर्छु। शुभकामना अदान प्रदान गर्नुको साथै एक अर्कासँग खुशियाली साटासाट गर्छु। म त अधिकाँश समय आफ्नै क्षेत्रमा हुने गर्थे। यो दशैंमा विशेष गरी क्षेत्रमै समय बित्छ। शक्ति पीठहरुमा गएर पूजापाठक गर्नुको साथै दशैंको अवसरमा हुने मेलापातको अवलोकन पनि गर्छु। दशैंमा थुप्रै मान्छे गाउँमा आएका हुन्छन्। त्यस अवस्थामा झनै रमाईलो भइरहेका हुन्छन्। शहरबाट यस्तै चाड पर्वमा आउने व्यक्तिसँग भेटेर चुनावी भालकुसारी गर्नुको साथै सल्लाह सुझाव पनि लिन्छु।

***रेणु यादव, -कोषाध्यक्ष, मधेश प्रदेश कमिटी, जनता समाजवादी पार्टी, नेपाल***

## समाजिक विकासको चेतना दिने काम गर्छु



वर्षमा एकपटक आउने यो महान दशैंमा सबैलाई शुभकामना छ। यो महाना दशैंमा शक्तिपीठहरुमा गएर पूजापाठ गर्नुको साथै घरपरिवारका साथ दशैं मनाउनु पर्छ। तर यसपटक चुनावको सिजन भएको कारण दशैं चनावमै हुने भएको छ। म पनि सर्लाही-३ (ख) का स्वतन्त्र उम्मेदवार हुँ। दशैंमा मेरो पनि गतिविधि तथा भेटघाट चुनाव केन्द्रीत नै हुन्छ। तर मेरो मिसन समाजिक विकास हो त्यो कायम नै रहन्छ। निर्धालाई अधिकार दिलाउने, हराएका बालबालिका खोजेर ल्याउने, विदेशमा अलपत्र परेका नेपालीलाई फर्काउने, कुनै पनि विपद्मा राहतको व्यवस्था गर्ने काम मेरो जारी नै रहन्छ।

त्यसबाहेक सर्लाहीका जनतामा समाजिक विकासप्रति चेतना फैलाउने। सर्लाहीका मतदाताकै सल्लाहमा म चुनाव उठ्दै छु। उहाँहरुको सहयोगमा म चुनाव पनि जित्छु। यो दशैंमा त्यही मतदाता तथा आफ्ना शुभचिन्तकसँग रमाइलो गरि दसहारा मनाउने छु। ठाउँ ठाउँमा मेला लाग्दैछ। त्यहाँ पनि जान्छु। त्यहाँ भएका जनतासँग पनि चुनावको बारेमा भालाकुसारी गर्छु। उहाँहरुसँग सल्लाह लिन्छु। भ्याएसम्म एउटा चियापान कार्यक्रमको आयोजना गरेर शुभकामना अदान प्रदान गर्ने काम पनि गर्छु तर समयको अभावका कारण त्यो सम्भव देखिएको छैन। तैपनि प्रयास जारी रहेको छ। दशैंमा बाहिर रहेका मतदाताहरु गाउँ आएका हुन्छन्। उनीहरुसँग भेट्न झन उत्सुक छु।

***सरोज राय, समाजिक अभियन्ता***

# र दशैं चुनावमै



हो। यो दशैं असोज १९ गते विजय दशमीसम्म मनाइने टक भव्य हुने भएको छ। गत वर्षभन्दा बढी मानिस र दशमीसम्म मान्छेहरु घर जानेछन्। यसपटको दशैं का छन्, बुझौं उहाँहरुकै शब्दमा।



## यसपटको दशैं काठमाडौमा



नवरात्र र दशमीका दिन दशैं मनाउनु पर्छ। यसपटक काठमाडौंमै दशैं मनाउन योजना छ। बाराबाट चुनाव लड्ने तयारी गरिरहेको छु। यस विषयमा विभिन्न दलसँग कुराकानी चलिरहेको छ। त्यसको छलफलका कारण यसपटक गाउँ जान नसकिने भएको छ। जोजसले टिकट पाउँछन् सबै यही केन्द्रबाट नै टुगों लाग्छ। त्यही कारणले यसपटक गाउँ जान नभ्याउने भएको छु। साथी भाइ तथा त्यहाँका मतदाताले आइजा कि आइजा भनि रहेका छन् तर यसपटक घरजान गाह्रो होला जस्तो छ। काठमाडौंमै परिवारका साथ, साथी भाइहरुसँग मिलेर समान्य रुपले दशैं मनाउँछु। शक्तिपीठहरुमा गएर पुजापाठ गर्नुको साथै नेताहरुसँग भेटघाटहरुको योजना पनि छ। राष्ट्रिय एकता अभियानले दशमीका दिन शस्त्रलाई पुजा गर्छन्। अभियानमा जुडेका प्रतिनिधिहरुले आआफ्नै घरमा वा मन्दीरमा अभियानको तर्फबाट शस्त्रको पुजा गर्नेछ। म पनि काठमाडौंमा आफै घरमा अभियानको तर्फबाट शस्त्रको पुजा गर्नेछु। यसपटको दशैं मात्र होइन, तिहार र छठ पनि दशैंमै हुने भयो। दशैं सकेपछि तिहारका रौनक सुरु हुन्छ। कात्तिक ७ गते लक्ष्मी पुजा छ। त्यसपछि १३ गते छठ पुजा छ। त्यसको नौ दिनपछि पूर्णिमा छ। त्यस लगतै मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव छ। त्यसले यसपटक नेपाली हिन्दुहरुको महान चाडपर्व चुनावी रौनकमा मात्र बित्ने भयो।

***विनय यादव, संयोजक, राष्ट्रिय एकता अभियान***

## दशैंमा नो भोटको अभियान



यसपटको दशैंमा मेरा संयोजकत्वमा नो भोटको अभियान चलाउने छु। यो अभियानको नेतृत्व मैले गर्नेछु। बढीभन्दा बढी मतदान पेटिका कसरी खाली हुन्छ त्यसको अभियान मैले थाल्नेछु। दशैंमा विदा भएको कारण सबै मतदाता घरमै भेट्ने भएको हुनाले यो अभियान सफल हुने कुरामा म विश्वास लिएको छु। म काँग्रेसको नेता भएपनि मलाई काँग्रेसप्रति विश्वास छैन। काँग्रेसकै कारणले यो देश विग्रेको हो भनि मेरो निष्कर्ष हो। काँग्रेसकै कमी कमजोरीका कारण देशले विकास गर्न नसकेको हो। बरु यो देशमा काँग्रेसका कारण कम्युनिष्टले विकास गर्‍यो तर देशले विकास गर्न सकेन। काँग्रेसले कम्युनिष्ट जन्माउने काम मात्र गरे। त्यही भएर म यसपटक म आफै पनि भोट नहाल्ने। र अरुलाई पनि नहाल्न आग्रह गर्नेछु। र दशै जस्तो अरु कुनै मौका आउँदैन। गाउँघरमा मान्छे भेट्छन् नै। मेलपातमा मान्छेको भिड नै लागेको हुन्छ। त्यहाँका जनतालाई समेत कन्भिन्स गर्नेछु। नेताहरु भोट माग्दै हिड्नेछन् भने म ती नेतालाई भोट नदिनु भन्दै हिड्छु। दशैंभर मेरो त्यही अभियान हुन्छ। रवी लामेछानेहरुले स्वतन्त्र पार्टी भनेर उम्मेदवारी दिनेछ। अरु ककसले स्वतन्त्रमा उठ्दैछ। उनीहरु दुई चारजना संसदमा गएर केही हुँदैन। जबसम्म म्याजरोटी हुँदैन तबसम्म केही हुँदैन।

***कपलेश्वर यादव, महासमिति सदस्य, नेपाली काँग्रेस***

## यसपटकको दशैं पुरा समय क्षेत्रमा



यसपाली दशमीको रौनक चुनावले खाइ सकेको छ। चुनावमै हुने भयो यसपटकको दसहारा। नेताहरुका लागि ठूला अवसर हो। भए भएरका मतदाताहरु गाउँमा नै भेट्ने भयो। म पनि बारा-१ (ख) मा मधेश प्रदेशको प्रदेशसभा सदस्यमा चुनाव लड्ने सोच बनाएको छु। लोकतान्त्रिक समाजवादी पार्टीमा हालसम्म टिकटको फिक्स भएको छैन। जिल्ला तथा प्रदेशबाट सिफारिस भएर केन्द्रमा आएको छ। केन्द्रले निर्णय गर्न बाँकी छ। टिकटको फिक्स नभएसम्म नभएपछि षष्ठीदेखि क्षेत्रका जनतासँगै हुन्छु। उनीहरुसँग नै दशैं मनाउछु। क्षेत्रमा शुभकामना अदान प्रदानका साथै एउटा चियापान गर्ने भनि सोचिरहेको छु। दुर्गा भगवतीको मन्दिरमा परिवारका सदस्यहरुसँग गएर पूजापाठ गर्नुको साथै गाउँमा अगामी चुनावको बारेमा विभिन्न छलफलमा सहभागी हुन्छु। वर्षमा एकपटक दशैंमा मात्र घर आउने व्यक्तिहरु छन्। ती व्यक्तिहरुसँग भेट्ने मौका मिल्छ। लामो विदा भएको कारणले सबैजना घरमै भेट हुन्छ यस मौकाको फाइद लिनुपर्छ। जनतालाई पनि चुनाव लागि सकेको छ। चिया पसलदेखि लिएर हरेक चौक चौरहामा चुनावकै चर्चा भइरहेका हुन्छन्। यो चाड पर्वमा त झन सबै ठाउँबाट मान्छेहरु झरेका हुन्छन्। त्यसैमा झन आनन्द आउने भयो। सबैसँग चुनावी रमाइलो हुने भयो।

***संजय यादव, नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल***

## चुनावी गतिविधिबाहेक अन्य कुनै कार्य हुँदैन



जसरी गत सालहरुमा मनाए त्यसरी नै मनाउने सोच छ। यसपाली माओवादी केन्द्रको नाममा सिरहा अर्नमा गाउँपालिकामा केही रचनात्मक काम गर्ने सोच थियो। तर पार्टीको अवस्था राम्रो नभएको कारणले कार्यक्रम गर्ने मुड नै भएन। तैपनि चुनाव आइसक्यो। टिकटको फाइनल नहुँदै गाउँमा चुनाव लागि सकेको छ। जहाँ पनि चुनावकै चर्चा हुन्छ। हामी राजनीति गर्ने मान्छेका लागि चुनावकै गतिविधि ठिक छ। चुनावको कारण विगतको भन्दा यसपटकको दशैं केही फरक हुने देखिएको छ। तैपनि परिवारका सदस्यका साथमा मन्दिरहरुमा गएर पुजा गर्ने बली प्रदान गर्ने जस्ता काम हुन्छ। हाम्रो गाउँमा दुर्गा मेला लाग्छ। अर्नमान गाउँपालिकामा भगवतीको मन्दिर छ। त्यहाँ पनि भव्य मेला लाग्छ। त्यहाँ टाढा टाढाबाट भक्तजनहरु आउने गरेका छन्। त्यस्तै सिरहामा पनि बली प्रदान हुनुको साथै त्यहाँ भव्य मेला लाग्छ। मिलेसम्म सबैतिर जान्छु तर यसपटक गाउँमै केन्द्रीत हुने सोच रहेको छ। पार्टीका नेता तथा कार्यकर्ताहरुसँग भेटघाट तथा शुभकामना आदान प्रदान गर्ने सोच बनाएको छु। चुनाव आइसकेका हुनाले केही एक्स्ट्रा काम गर्ने मुड नै छैन दशैंमा।

***अरविन्द यादव, 'नेता, नेकपा माओवादी केन्द्र***


## मतदातासँग मत माग्दै दशैं मनाउछु



चुनाव आइ नै सक्यो। यसपाली मतदातासँग मत माग्दै दशैं मनाउनेछु। माता भगवतीले यसपाली उम्मेदवारहरुका लागि ठूलो अवसर जुराई दिनु भएको छ। चुनावमा उठ्ने उम्मेदवारका लागि यसपालीको चाडपर्व निकै फलदायी हुनेछ। उम्मेदवारहरुले यसलाई अवसरको रुपमा लिनुपर्छ। चुनावसम्म चाडपर्व नै छ। दशैं सकेपछि तिहार आउँछ। यो तिहार पनि दशैं जतिकै धुमधामका साथ मनाइन्छ। तिहारपछि तराई मधेशको सबभन्दा महान पर्व छठ आउँछ। यी तीनटै पर्वलाई क्यास गर्ने मेरो योजना छ। म पनि लोसपाबाट सुनसरीको क्षेत्र नम्बर ४ को (ख) मा प्रदेशसभा सदस्यका लागि चुनाव लड्ने तयारी गरिरहेको छु। यद्यपी पार्टीमा हालसम्म कुनै निर्णय भएको छैन। पार्टीको निर्णयलाई पनि कुरेको छु। पार्टीले एमालेसँग गठबन्धन गरिरहेको छ। तर मेरो क्षेत्रमा एमालेसँग गठबन्धन नै नगर्दा बेस हुने कुरा मैले पार्टीका शीर्ष नेतालाई पनि भनिसकेको छु। जिल्ला तथा प्रदेशबाट मेरो पनि नाम केन्द्रमा सिफारिस भएको छ। दशैंमा समान्य पूजा गर्नुको साथै अन्य बाँकी समय पुरै चुनाव केन्द्रीत नै हुन्छ। पार्टीका कार्यकर्ता तथा नेता भेट्नुका साथै आम मतदातासँग भेटेर शुभकामना अदान प्रदान गर्नेछु। मतदातासँगै रमाइलो गरि दशैं मनाउनेछु। चुनावहरुमा भोट खसाउन नआउने जनता पनि यो दशैंमा घर आएका हुन्छन्। उनीहरुसँग भेटेर अनुभव, सल्लाह सुझाव लिनेछु। बाहिरबाट आएको हुनाले उनीहरुसँग विभिन्न खाले अनुभव हुन्छ। शक्ति पिठहरुमा गएर दर्शन गर्नुको साथै पुजापाठ गर्छु साथी भाइसँग भेटघाट पनि गर्छु।

***सन्तोष मेहता, नेता, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल***

# सूचनाका भोका परशुराम सूचना पाउनकै लागि लिनुभयो यस्तो ठूलो रिश्क



श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यु
जिल्ला प्रशासन कार्यालय ,
सिरहा

विषय:-- ऐन, नियमावलीमा भएको ब्यवस्था कार्यान्वयनका लागि परिपत्र गर्नुहुन वारे ।

महोदय,

प्रस्तुत विषयमा, नेपालको संबिधानको धारा २७ मा , प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना मांग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ३ को उपदफा १ मा, प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक विषयमा रहेको सूचनामा पंहुच हुनेछ भनी उल्लेख भएको छ । ऐन र नियमावलीमा भएका ती ब्यवस्था हाल सम्म कार्यान्वयन न भएको र सूचना मांग गरेकै कारण कतिपय सार्वजनिक निकायका अधिकारीहरुले अनुचित प्रभाव पार्न खोजेको तर्फ ध्यानाकर्षण गराउन चाहन्छु।

सूचना हकको प्रत्याभूत गराउन तपसिल बमोजिमको कानूनी ब्यवस्था कार्यान्वयनका लागि सिरहा जिल्लाका ~~प्रत्येक कार्यालय~~ , ~~स्थानीय तह र स्थानीय तह मार्फत~~ सम्पूर्ण सामुदायिक र नीजी बिद्यालयहरुलाइ पत्राचारका लागि यहाँ कार्यालयबाट परिपत्र गर्नुहुन अनुरोध गर्दछु ।

तपसिल

**(१)सूचना अधिकारी तोक्ने सम्बन्धमा भएको ब्यवस्था**

( क ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ६ को उपदफा १ र सूचनाको हक सम्बन्धि नियमावली , २०६५ को नियम २४ ( क ) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम,पद,सम्पर्क न. , इमेल, कोठा न. ,सार्वजनिक गर्ने ।

**( २ ) सूचना अद्यावधिक गरि प्रकाशन गर्ने सम्बन्धमा भएको ब्यवस्था**

( क ) सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा ४ बमोजिम उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरि प्रकाशन गर्ने ।

**( ३ ) तोकिएको समयभित्र सूचना उपलब्ध गराउने सम्बन्धमा भएको ब्यवस्था**

( क ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना मांग गर्न आएमा , सहज र सरल रुपमा स्पष्ट बुझिने गरि तोकिएको समयभित्र सूचना उपलब्ध गराउने ।

निबेदक
नाम :-- परशुराम साह
ठेगाना :-- सिरहा ७
मो न :- ९८११७०७४३२
इमेल:- parsuramsah497@gmail.com
मिति:-- २०७९/४/२६ गते

सिरहा विष्णुपुरका परशुराम साह शारीरिक रुपले अपाङ्ग हुनुहुन्छ । तर त्यस अवस्थामा पनि सिरहा जिल्लामा सूचनाका लागि आफ्नो लडाई जारी राख्नु भएको छ । सिरहा नगरपालिकासँग सूचनाको हक अनुसार सूचना माग्दा सूचना दिनुको सट्टा उहाँले काम गर्ने स्कूलमा सारस्वर माविबाट करिब १४ किलोमिटर टाढा लगडी गदियानीको एक स्कूलमा सरुवा गरिएको थियो । तैपनि उहाँले हिम्मत हार्नु भएन । नियमअनुसार अपाङलाई त्यसरी सरुवा गर्न मिल्दैन्थ्यो ।

त्यसरी सूचना माग्दा निवेदन फिर्ता लिन उहाँलाई सिरहा नगरपालिकाबाट विभिन्न प्रलोभन नआएको होइन । तर सूचना माग्ने अभियानलाई मात्र उहाँले जारी राख्नु भएन, स्कूल सरुवा गरेकोलाई अदालतबाट मुद्दा जितेर उहाँ पुनः सारस्वर स्कूलमा फर्किनु भएको थियो । अदालतको आदेशबाट फर्केपछि नगरपालिकाले उहाँलाई हाजिर नै गराउन चाहेको थिएन । त्यसपछि शिक्षक साहले सिडियो कार्यालयमा निवेदन दिनुभयो । सो निवेदनको आधारमा सिडियो पहल गरेपछि उहाँलाई हाजिर हुन त दियो उहाँको तलब नै रोक्का गर्दियो ।

तलब दिन आलटाल गरेपछि परशुराम साह पनि कहाँ मान्ने व्यक्ति हुनुहुन्थ्यो र, । उहाँले बाँच्न पाउने अधिकारको हनन भयो भन्दै मानव अधिकार आयोगलाई गुहार्नु भयो ।। आयोगले त्यसमा चासो लिन थालेपछि मात्र नागरपालिकाले शिक्षक साहलाई तलब दिन तयार भयो । त्यसपछि साहले आफ्नो तलब किन रोक्का गरेको के आधार छ लगायतको विषयमा सो नगरपालिकासँग पुनः सूचना माग गर्नुभयो, जब कि त्यसअधि माग गर्नुभएको विभिन्न सूचना पनि नगरपालिकाले दिएको थिएन । नगरपालिकाले कुनै सूचना नदिएपछि परशुराम साहले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुभयो । सूचना दिनका लागि आयोगले पटक पटक सिरहा नागरपालिकालाई ताकेता गरेपछि पनि दिन मानेन । त्यसपछि सूचना नदिएको कारण कारवाही किन नगर्ने भन्दै आयोगले पत्र पठाएपछि बल्ल त्यो सूचना सिरहा नगरपालिकाले काठमाडौँस्थित आयोगलाई पठायो । आयोगबाट त्यो सूचना परशुराम साहले अझै हात पर्नुभएको छैन ।

सिरहा नगरपालिकासँग यो लफडा चलिरहेकै बेला परशुराम साहले सिडियो कार्यालयलाई साउन २९ गते पत्र लखेर सिरहा जिल्लामा रहेको सम्पूर्ण सामुदायिक तथा नीजि विद्यालयामा ऐनमा व्यवस्था भए अनुसार सूचना अधिकारीको व्यवस्थाका लागि परिपत्र गर्न माग गर्नु भएको थियो । त्यसपछि सिडियो कार्यालयले शिक्षा विकास तथा समन्वय इकाई सिरहालाई पत्र लेखेर सिरहा जिल्लाको प्रत्येक विद्यालयमा सूचना अधिकारीको व्यवस्था गर्न निर्देशन दियो । सो निर्देशन अनुसार इकाइले जिल्लाका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई पत्र पठाई सम्पूर्ण विद्यालयमा सूचना अधिकारी नियुक्त गरि सात दिनभित्र जानकारी गराउन गत भदौ ६ गते पत्र पठायो । र, त्यसको बोधार्थ जिल्लाका सम्पूर्ण पालिकालाई पनि दियो । तर दुई तीनवटा विद्यालयबाहेक हालसम्म कुनै विद्यालयले सूचना अधिकारी नतोकेको परशुरामले बताउनुभयो । यसरी सूचना अधिकारी तोक्न ढिला गरेपछि परशुरामले राष्ट्रिय सूचना अयोगमा उजुरी गर्नु भयो । सो उजुरीको आधारमा आयोगले पनि पालिकाहरुलाई पत्र पठाएर सूचना अधिकारी तोकि त्यसको जानकारी गराउन भनेको छ । तर आयोगले भनेको पनि नगरपालिका तथा विद्यालयले टेरेको छैन ।

कतिपय पालिकाले त विद्यालयहरुलाई पत्र पठाएर सूचना अधिकारी तोक्न निर्देशन दिएको छ । तर त्यो निर्देशनलाई विद्यालयहरुले मानेको छैन । सिरहा नगरपालिकाले त हालसम्म आफ्ना मातहतका विद्यालयलाई पत्र पनि पठाएको छैन । त्यसको लागि पनि परशुराम संघर्ष गरिरहेका छन् । परशुराम साहले पहिला एउटा सिरहा नगरपालिकासँग संघर्ष गरिरहनु भएको थियो । अब सिरहा जिल्लाका सम्पूर्ण पालिका तथा सामुदायीक विद्यालयसँग संघर्ष गर्नुपर्ने देखिएको छ । तर परशुराम साह भन्नुहुन्छ, 'मैले यो मिसन सुरु गरिसकेको छु, अब पछाडी हट्न पनि मिल्दैन, म प्रत्येक विद्यालयमा सूचना अधिकारी राख्न लगाएर नै छाड्छु ।' यो अभियान चलाउँदा आफूलाई विभिन्न ठाउँबाट धाकधम्की, लोभ प्रलोभन समेत आइरहेको छ, कतिपयले निवेदन फिर्ता लिन दवाव दिइरहेका छन् भने कतिपयले अन्य अन्य दवाव पनि दिइरहेका छन् तर आफू त्यसबाट डराउने होइन, यी सब आफूले आफ्नो फाइदाको लागि गरेको होइन, हरेक स्कूलको सूचना जनताको पहुँचमा होस् भन्ने उद्देश्यले गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'मेरो यो लडाई निरन्तर चलिरहन्छ ।'












बडा दशैं को शुभकामना

वडा दशैं, लक्ष्मी पुजा, एवं तराई मधेशको महान छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ एवं दिदी वहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**महन्थ ठाकुर**
अध्यक्ष
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

# अदालतमा हाजिर भइन् ज्याकलिन

बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डेजलाई दिल्लीको पटियाला हाउस अदालतले ५० हजार रुपैयाँ धरौटीमा अन्तरिम जमानत दिएको छ। करोडौं ठगी गरेको आरोप लागेका सुकेश चन्द्रशेखरबाट अमूल्य उपहार लिएको भन्दै फर्नान्डिस विरुद्ध मुद्दा दायर भएको छ। मनी लान्ड्रिङको यस मामिलामा प्रवर्तन निदेशालयले ज्याकलिनसँग कयौंपटक घण्टौंसम्म सोधपुछ गरिरसकेको छ। उनी असोज १० गते भारत दिल्लीको पटियाला हाउस अदालतमा हाजिर भएकी थिइन्। फर्नान्डिस एनआईए न्यायाधीश शैलेन्द्र मलिकको अदालतमा पनि उपस्थित हुनेछन् किनभने सुकेश चन्द्रशेखर मनी लान्ड्रिंग मुद्दामा पूरक आरोपपत्र पनि दायर गरिएको छ।

न्यायाधीश शैलेन्द्र मलिकले फर्नान्डिसको जमानत याचिकामा प्रवर्तन निर्देशनालयसँग जवाफ मागेका छन्। त्यतिञ्जेल फर्नान्डिजका वकिलको आग्रहमा अदालतले उनलाई ५० हजार रुपैयाँ धरौटीमा अन्तरिम जमानत दिएको थियो। दिल्लीको पटियाला हाउस कोर्टले ज्याकलिन ज्याकलिनलाई मनी लान्ड्रिङ मुद्दामा हाजिर हुन भनेको थियो। प्रवर्तन निर्देशनालयले २०० करोड रुपैयाँको मनी लान्ड्रिंगको मुद्दामा दायर गरेको आरोपपत्रमा फर्नान्डिसको नाम पनि समावेश गरेको छ।

बडा दशैं को शुभकामना

२०७९ को बडा दशैं, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ एवं दिदी वहिनी र पर्सा क्षेत्र नम्बर ३ का सम्पूर्ण जनतामा सुख समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**हरिनारायण रौनियार**
सांसद एवं केन्द्रीय सदस्य
जनता समाजवादी पार्टी नेपाल

बडा दशैं को शुभकामना

विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा सम्पूर्ण सर्लाही-रामनगर गाउँपालिकावासीमा सुख, समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**मनिष मिश्र**
नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

बडा दशैं को शुभकामना

२०७९ को विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ एवं दिदी वहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
'दूध सेवन गरौं, स्वस्थ रहौं'

**डा.राजेन्द्र यादव**
कार्यकारी निर्देशक
राष्ट्रिय दुग्ध विकास बोर्ड

बडा दशैं को शुभकामना

विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ एवं दिदी वहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**रेणु यादव**
कार्यकारिणी सदस्य
जनता समाजवादी पार्टी

बडा दशैं को शुभकामना

विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ, दिदी वहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। दुर्गा भगवतीले सबैलाई कल्याण गरुन्।

**रामेश्वर राय यादव**
केन्द्रीय सदस्य
माओवादी केन्द्र



# भारतबाट मार्क्सवादी भएर फर्किनु भएका अकवाल

सन् १९७६ मा कपिलवस्तुको महेन्द्र मावि कृष्णनगरबाट एसएलसी पास गरेपछि उच्च शिक्षाका लागि उत्तर प्रदेशको लखनउ जानु भएको बेलादेखि नै मोहम्मद अकवाल अहमद विद्यार्थी राजनीति सुरु गर्नु भएको थियो । भारतका उत्तर प्रदेशबाट कम्युनिष्टको राजनीति सुरु गर्नु भएका अकवाल अहमद नेपाल फर्केपछि नेपाल कम्युनिष्ट पार्टी मानन्धर समूह, एमाले, राप्रपा, मधेशी जनअधिकार फोरम हुँदै तमलोपा र हाल लोसपामा केन्द्रीय कार्यकारिणी समितिका सदस्य हुनुहुन्छ ।

भारत उत्तर प्रदेशको क्याम्पसमा अध्ययन गरिरहँदा भारतीय कम्युनिष्ट पार्टीको विद्यार्थी संगठनबाट उहाँले राजनीति यात्रा सुरु गर्नु भएको थियो । लखनउ विश्व विद्यालयमा अध्ययन गरि रहँदा र त्यहाँ भारतीय कम्युनिष्ट विद्यार्थी नेताहरुसँगको सम्पर्कमा जानु भएका अकवाल अहमद मार्क्सवादी भएर नेपाल फर्किनु भएको थियो । उहाँ मार्क्सवादी विचार बोकेर मात्र होइन, आइकम, बीकम र त्यसपछि एलएलबी सकाएर पजि सन् १९८४ मा नेपाल फर्किनु भएको थियो । नेपाल फर्किने बित्तिकै उहाँ वि.सं. २०४२ मा काठमाडौ आउनु भएको थियो । काठमाडौँमा उहाँ कृष्ण प्रसाद भण्डारीको नेपाल ल फर्ममा काम गर्न थाल्नु भयो र सर्वोच्च अदालतमा वकालतको प्राइक्टिस गर्न थाल्नुभयो ।

उहाँले फौजदारी सम्बन्धी मुद्दा बढी हेर्नु हुन्थ्यो । तराई मधेशमा फौजदारी मुद्दा लाग्ने र त्यसमा पीडितले न्याय नपाएको कुरा आफूले नजिकबाट हेरेको कारण पीडितले न्याय पाओस् भनेर नै आफू कानुन अध्ययन गरेर फौजदारी केसहरुमा वकालत गर्न थालेको बताउनु हुन्छ अकवाल अहमद । 'आइकम, बीकम अध्ययन गरेर विजनेश व्यपारमा जाने वा कुनै नोकरी गरेर आफ्नो जीवनको यात्रालाई अगाडी बढाउने सोच मेरो थियो तर सोझा, सिधा जनतामाथि हुने गरेको अन्याय, अत्याचार देखेर मलाई वकालत पढ्न मन भयो र मैले बीकम सकाएर भारत उत्तर प्रदेशको लखनउ विश्व विद्यालयबाट एलएलबी अध्ययन गरे ।'

काठमाडौमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीको साथमा वकालत गर्न थाल्नु भएका अकवाल नेपालको राजनीतिमा पनि रुची राख्न थाल्नु भएको थियो । कृष्णप्रसाद भण्डारी कम्युनिष्ट पृष्ठभूमीका अधिवक्ता हुनुहुन्थ्यो । उहाँले अकवाललाई कम्युनिष्ट नेताहरुको सम्पर्कमा पुर्‍याउनु भयो । अकवाल पहिलादेखि नै कम्युनिष्ट विचार बोकी सकेका हुनाले उहाँलाई नेपालमा घुलमिल हुन समय लागेन । नेकपा मानन्धर समूहको सम्पर्कमा उहाँ जानुभयो । सो समूहको सदस्यता पनि उहाँले लिनुभयो । पार्टीका कार्यक्रमहरुमा आउजाउ  गर्न थाल्नुभयो । तर अकवाल अहमद भन्नुहुन्छ, 'कृष्ण भण्डारीमार्फत राजनीतिमा प्रवेश गरेपनि म सक्रिय थिइनन् । मेरो त्यति बेलाको मुख्य काम वकालत नै थियो । मैले सारा ध्यान वकालतमा नै दिएको थिए । कहिले काही राजनीति गतिविधिमा जान्थे ।' तर जब २०५० मा एउटा खुनी डाका सम्बन्धी फौजदारी मुद्दा जित्नु भयो अनि उहाँले एकाएक त्यो पेसा छाडेर राजनीतिमा लाग्नु भयो । त्यसपछि उहाँले वकालत गर्नु भएन, राजनीतिमा सक्रिय हुनुभयो । आठ वर्ष लगातार वकालत पेसामा रहनु भएका अकवाल अहमद समाजलाई नजिकबाट हेर्ने मौका पाउनु भएको थियो । उहाँले भन्नुभयो, वकालत पेसा नै यस्तो पेसा हो जहाँ हरेक कुरालाई नकिजबाट हेर्ने मौका प्राप्त हुन्छ, अहिले त्यसले मलाई राजनीतिमा निकै सहयोग पुर्‍याई रहेको छ, मत भन्छु, राजनीतिक गर्ने हरेक व्यक्तिले कानुन पढ्नुपर्छ ।'

**मदन भण्डारीसँग सम्पर्क**


अकवाल नेकपा मानन्धर समूहमा धेरै समय रहे पनि सक्रिय राजनीतिमा लाग्नु भएन । काठमाडौँमै हुँदा एमालेका नेता मोदनाथ प्रश्रितसँग अकवाल अहमदसँग चिनजान भयो । उहाँकै मार्फत अकवाल मदन भाण्डरीसँग पनि भट्नु भयो । 'उहाँसँग भेट्दा देशप्रतिको चिन्ता, राजनीतिक विचार, सिद्धान्त, लोकतन्त्रप्रतिको आस्था जनपक्षीय विचार सुनेर म उहाँप्रति प्रभावित भएका थिए । एमालेले जसरी देशैंभरि आफ्नो संगठन बनाएको छ त्यो मदन भण्डारीको नै देन हो । मलाई लाग्छ आज देशमा मदन भण्डारी भएको भए यस्तो राजनीतिक समस्या हुने थिएन ।'

मदन भण्डारीको विचारबाट प्रभावित भएर एमालेमा प्रवेश गर्नुभएका अकवाल अहमद २०५१ को मध्यावधी चुनावमा भाग लिनुभयो । उहाँ त्यतिबेला डेढ हजार मतले हार्नु भएको थियो । उहाँले चुनाव हारेपनि एमाले पार्टीमा सक्रिय राजनीतिमा लाग्नु भयो । उहाँ त्यतिबेला एमालेको कपिलवस्तु जिल्ला कमिटीमा हुनुहुन्थ्यो । २०५४ मा भएको स्थानीय तहको चुनावमा उहाँले निकै मेहनत गर्नु भएको थियो । उहाँकै मेहनतकै कारण जिल्लामा एमालेले राम्रै नतिजा ल्याएको थियो । जिल्ला विकास समितिको उपाध्यक्षका साथै १०-१२ वटा गाविसमा प्रमुख जितेका थियो ।

त्यसले गर्दा एमालेबाट अकवाल अहमतको पहिचान बन्यो । एमाले पार्टीमा आउने वित्तिकै चुनावको टिकट पाएर चुनाव लड्नु । स्थानीय चुनावमा पार्टीलाई कपिलवस्तुमा राम्रो स्थानमा पुर्‍याउनुले अकवाल अहमदको चर्चा जिल्लाभरि हुन थालेको थियो । जिल्लामा उहाँको पहिचान एउटा राजनीतिकर्मीको रुपमा हुन थाल्यो । यसअघि उहाँलाई एक वकिलको रुपमा मात्र चिन्दथ्यो तर जब उहाँ एमालेमा सक्रिय हुनुभयो अनि राजनीतिकर्मीको रुपमा पहिचान बनाउनुभयो ।

**राप्रपामा प्रवेश**

नेपालगञ्जमा एमाले पार्टीको पाँचौ महाधिवेशन भएको थियो । त्यो महाधिवेशनबाट एमालेबाट विभाजन भयो । वामदेव गौतम, सीपी मैनालीलगायतका नेताहरु नेकपा (माले) गठन गरेर एमालेबाट अलग हुनुभयो । कम्युनिष्ट पार्टीमा अनुशासन हुँदैन, टुटुफुटको राजनीतिमा बढी लागेको बुझेर अकवाल अहमद एमाले पार्टी छाड्नु भयो । कम्युनिष्ट नेताहरुजति विचार र सिद्धान्तप्रति प्रतिवद्ध हुन्छ पार्टीप्रति त्यति प्रतिवद्ध हुँदैन । पार्टीमा अलिकति समस्या भयो कि एउटा समूह लिएर अलग भइहाल्छ । त्यो रोग सबै कम्युनिष्ट नेतामा देखिएको बताउँदै अकवाल अहमदले पार्टी त सबै विभाजन हुन्छन् तर कम्युनिष्ट पार्टीजतिको विभाजन कुनै पार्टी भएको छैन, अहिले पनि कम्युनिष्ट पार्टी कति टुक्रामा विभाजित छन्, कम्युनिष्ट नेताहरुलाई पनि थाह छैन ।' एमाले पार्टी छाडेर अकवाल अहमद राप्रपामा जानुभयो । पार्टीमा जाने वित्तिकै उहाँ २०५६ सालको प्रतिनिधिसभाको चुनावमा भाग लिनुभयो । तर उहाँ त्यो चुनाव पनि हार्नु भयो । त्यतिबेला पनि काँग्रेस नै जितेको थियो । राप्रपामा अकवाल अहमदलाई केन्द्रीय सदस्य र मुस्लिम विभागको प्रमुख पदको जिम्मवारी दिएको थियो । उहाँ राप्रपामा पनि सक्रिय राजनीति गर्न थाल्नु भयो । सूर्यबहादुर थापासँग उहाँले राम्रो सम्बन्ध बनाउनु भएको थियो ।



जिल्लादेखि केन्द्रसम्म उहाँ सक्रिय भएर काम गर्न थालेपछि पार्टीमा उहाँको राम्रो पकड भएको थियो ।

**मधेश आन्दोलन**

राप्रपा नेपालमा उहाँ सात आठ वर्ष सक्रिय भएर काम गर्नु भयो । २०६२/०६३ मा मधेश आन्दोलन सुरु भयो । उहाँ राप्रपामा भएपनि मधेश आन्दोलनमा सक्रिय भएर लाग्नुभयो । उहाँले पार्टीसँग कुनै मतलब राख्नुभएन । उहाँले आफ्नो जिल्लामा मधेश आन्दोलनको नेतृत वगर्न थाल्नुभयो । पहिलो मधेश आन्दोलन सम्पन्न भएपछि उहाँ तत्कालिन मधेशी जनअधिकार फोरम नेपालमा प्रवेश गर्नुभयो । उहाँ फोरम नेपालको केन्द्रीय सदस्य हुनुभयो । २०६४ चुनावमा भएको पहिलो संविधानसभा निर्वाचनमा कपिलवस्तु क्षेत्र नम्बर ४ बाट चुनाव लड्नुभयो । त्यतिबेला उहाँ चारसय मतले निर्वाचन हार्नु भएको थियो । तत्कालिन तमलोपाका इश्वर दयाल मिश्र चुनाव जित्नु भएको थियो । चुनाव हारेपनि तत्कालिन फोरमको सिफारिसमा मन्त्रीपरिषद्ले उहाँलाई संविधानसभा सदस्यमा मनोनित गरेको थियो । त्यतिबेला गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँ संविधानसभा सदस्य भएपछि काठमाडौँ नियमित बस्न थाल्नुभयो । आवश्यकता अनुसार जिल्ला पनि जानुभयो । संविधानसभाबाट संविधान निर्माण गर्नका लागि उहाँ सक्रिय हुनुभयो ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकार ढलेपछि अर्को सरकार बन्ने बेला तत्कालिन फोरम विभाजन भएको थियो । उपेन्द्र यादव नेतृत्वको फोरमबाट २८ जना संविधानसभा सदस्य लिएर विजयकुमार गच्छदार अलग भएर मधेशी जनअधिकार फोरम लोकतान्त्रिक गठन गर्नु भएको थियो । तर अकवाल उपेन्द्र यादवलाई छाडेर जानु भएन । अकवाल अहमद भन्नुहुन्छ, गच्छदारजीले मलाई पनि भन्नु भएको थियो तर म उहाँको साथमा गइनन् । गच्छदारले सत्ताका लागि पार्टी फोड्नु भएको थियो त्यसैकारणले म गइनन् ।' उहाँ उपेन्द्र यादवको साथमा संविधान निर्माणमा सक्रिय रहनु भयो । तर फोरमसँग रहेको २५ जना सांसदमध्ये १३ जना सांसद लिएर जेपी गुप्ता अलग भएपछि अकवाल पनि गुप्ताकै साथमा जानुभयो । उहाँ भन्नुभयो, 'सुरुमा उपेन्द्रजी ठिक हुनुहुन्थ्यो पछि उहाँमा घमण्ड पलायो, पार्टीमा मनमौजी गर्न थाल्नुभयो, त्यही भएर उहाँको साथ छाडेर हिडेका थिए ।' जेपी गुप्ताले गठन गर्नु भएको मधेशी जनअधिकार फोरम गणतान्त्रिक डा.बाबुराम भट्टराई नेतृत्वको सरकारमा गयो । त्यसमा जेपी गुप्ता सञ्चारमन्त्री र नन्दन दत्त (हाल काँग्रेसमा) कृषि मन्त्री बन्नु भएको थियो ।

**२५ दिने कृषि मन्त्री**

जेपी गुप्ता मन्त्री रहेकै बेला पुरानो भ्रष्टाचार मुद्दा केसमा उहाँ पक्राउ परेर जेल जानुभयो । त्यसपछि फोरम गणतान्त्रिकको नेतृत्व राजकिशोर यादवले गर्न थाल्नु भयो । राजकिशोर यादव सञ्चार मन्त्री बन्नुभयो भने अकवाल अहमदलाई कृषि मन्त्री बनाईयो । त्यतिबेला नन्दन दत्तलाई कृषि मन्त्रीबाट हटाउँदा पार्टीमा लफडा पनि भएको थियो तर बहुमत अकवालको पक्षमा भएपछि उहाँ कृषि मन्त्री बन्नुभयो ।

यद्यपी अकवाल अहमदत धेरै दिन मन्त्रीमा रहनु भएन । बाबुराम भट्टराई नेतृत्वको सरकार सर्वदलीय बनाएपछि काँग्रेस र एमाले पनि त्यसमा सहभागी भए । त्यतिबेला सरकारमा सहभागी भएका सबै दलले एउटा, दुईटा मन्त्री छाड्नु परेको थियो । फोरम गणतन्त्रिकले एउटा मन्त्रालय छाड्नु पर्दा अकवाल अहमदलाई २५ दिनमै मन्त्रीबाट हट्नु पर्‍यो । त्यसपछि विस्तारै फोरम गणतान्त्रिकमा लफडाहरु बढ्न थाल्यो । यता, बाबुराम भट्टराई नेतृत्वको सरकारले पहिला संविधानसभा विघटन गर्‍यो । दोस्रो संविधानसभा चुनावको मिति घोषणा भएपछि अकवाल अहमद महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टीमा जानुभयो । अकवाल अहमद भन्नुभयो, 'राजकिशोरजीसँग पार्टी चलाउने क्षमता थिएन । उपेन्द्र यादवकै स्टाइलमा पार्टी चलाउन खोज्नुभयो तर उहाँले सक्नु भएन ।' फोरम गणतान्त्रिकबाट धमाधम नेताहरु निस्कन थालेका थिए । तमलोपामा महन्थ ठाकुरको कार्यशैली देखेर आफू सो पार्टीमा गएको उहाँ बताउनुहुन्छ ।

२०७० को दोस्रो संविधानसभा चुनावमा पनि उहाँ तमलोपाबाट समानुपातिक संविधानसभा सदस्य हुनुभयो । दोस्रो पटक पनि उहाँ संविधान निर्माणमा सक्रिय भएर लाग्नु भयो । पहिलो संविधानसभाको अनुभव भएका कारणले उहाँलाई त्यहाँ काम गर्न निकै सजिलो भइरहेको थियो । तर पहिलो संविधानसभाको जस्तो आनन्द आइरहेको थिएन । पहिलो संविधानसभामा मधेशी, आदिवासी जनजाति, थारु, मुस्लिमको बाहुल्य थियो । आफ्नो अनुकल संविधान बनाउने अवस्था थियो । तर दोस्रो संविधानसभा पहाडी खस समुदायको वर्चस्व रहेको कारण काम गर्न अकवाललाई गाह्रो भइरहेको थियो । तर आफ्नो क्षमताले भ्याएसम्म उहाँले कुरा राख्नु हुन्थ्यो । मधेश तथा पिछडिएको समुदायको हकमा नभएको विषयमा उहाँले फरकमत राख्नु हुन्थ्यो । अन्ततः मधेशी दलको असहमतिका बाबजुद पनि फास्टट्र्याकबाट संविधान निर्माण भयो ।

मधेशी दलले त्यसको विरुद्धमा आन्दोलन पनि गर्‍यो । संविधान निर्माण भएको दिन तीनजनाले सहादत दिएका थिए । संविधान निर्माण भएको दिन पहाडमा दीपवाली भयो भने तराई मधेशमा ब्ल्याकआउट भयो । अकवाल अहमदले भन्नुभयो, 'संविधान निर्माण कार्यलाई हामीले वहिष्कार गरेका थियौं, संविधानमा हामीले हस्ताक्षर गरेका थिएनौं तैपनि काँग्रेस, एमाले र माओवादीले जवजस्ती संविधान जारी गरे ।' मधेशमा आन्दोलन चलिरहेको थियो । अकवला अहमदले कपिलवस्तु गएर त्यसको नेतृत्व गर्नुभयो । अधुरो संविधान निर्माण भएको कारण त्यसको संशोधनको माग गर्दै लामो समय आन्दोलन चल्यो । नेपाल-भारत सीमा बन्द गर्ने गरी मधेशवादी दलले आन्दोलन गर्न थालेपछि देशमा नाकाबन्दीसम्म भयो । तर त्यतिबेला मधेशवादी दलकै बीचमा कुरा नमिल्दा त्यो आन्दोलन त्यतिकै तुहिएको थियो । विना कुनै सम्झौता आन्दोलनको अन्त्य भएको थियो ।

**राजपा गठन**

आन्दोलन सकिएको एक वर्षपछि मधेशका विभिन्न दल मिलेर राजपा नेपाल बनेको थियो । त्यसमध्येको एक प्रमुख पार्टी तमलोपा पनि थियो । राजपा नेपालमा अकवाल अहमद केन्द्रीय सदस्य बन्नुभयो । केन्द्रदेखि जिल्लासम्म उहाँ राजपाबाट सक्रिय हुनुभयो । तर उहाँ मात्र सक्रिय भएर भएन । पार्टी सक्रिय भइरहेको थिएन । छजनाको अध्यक्षमण्डल थियो । अध्यक्षमण्डलकै बीचमा कुरा नमिल्दा पार्टीले गति लिइरहेको थिएन । समायोजनको कामहरु अगाडि बढी रहेको थिएन । कुनै पनि जिल्ला गठन विवादमुक्त रहेन । अध्यक्षमण्डलकै कारण विवादहरु भइरह्यो ।

२०७४ मा प्रतिधिनिधसभा र प्रदेशसभाका चुनाव हुँदा उहाँ कपिलवस्तुबाट चुनाव लड्ने चाहना राख्नु भएको थियो । तर उहाँले पार्टीबाट टिकट पाउनु भएन । समानुपातिकमा उहाँको नाम सिफारिस भयो । मुस्लिम कलस्टरमा अकवाल अहमदको नाम एक नम्बरमै राख्यो तर आवश्यक मत नआएको कारण उहाँले समानुपातिक सदस्य पाउनु भएन ।

२०७७ बैशाख १० गते मध्यराती उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको राजपा नेपालबीच एकीकरण भएर जनता समाजवादी पार्टी नेपाल बन्यो । जसपामा अकवाल अहमद कार्यकारिणी समितिको सदस्य हुनुभयो । पार्टी एकीकरण त भयो तर राम्रोसँग चल्न सकेन । पार्टीमा महन्थ ठाकुर र उपेन्द्र यादव दुईजना अध्यक्ष रहनु भयो । एक वर्ष नबित्दै पार्टीमा खटपट सुरु भयो । अकवाल अहमद भन्नुहुन्छ, ' पार्टीमा पावर सेयरिङदेखि लिएर पार्टीमा हुने निर्णयहरुको विषयमा दुवैजना अध्यक्षको बीचमा मनमुटाव सुरु भयो । उपेन्द्र यादवले एकलौटी रुपमा पार्टी चलाउन खोज्नुभयो, आफू खुशी बैठकहरु बोलाउन थाल्नुभयो । बैठकको माग हुँदा बैठक नबोलाउने, आफ्नो अनुकुल भए मात्र बैठक बोलाउन थालेपछि पार्टीमा विवाद भयो र पार्टी विभाजन भयो ।'

जसपाबाट महन्थ ठाकुर अलग भएपछि अकवाल अहमदको साथ ठाकुरलाई नै थियो । महन्थ ठाकुरले लोकतान्त्रिक समाजवादी पार्टी गठन गरेपछि उहाँ त्यो पार्टीमा पनि कार्यकारिणी सदस्य नै बन्नुभयो । तर लोसपामा पनि जसपा जस्तै हालत रहेको उहाँ बताउनु हुन्छ । उहाँ भन्नुहुन्छ, 'लोसपा गठन भएको एक वर्षभन्दा बढी भइसक्यो तर अहिलेसम्म केन्द्रीय समिति पनि गठन भएको छैन । कार्यकारिणी समितिको भरमा पार्टी चलिरहेको छ ।' उहाँ लोसपाबाट यसपटक कपिलवस्तुको क्षेत्र नम्बर १ वा २ बाट प्रतिनिधिसभा सदस्यका लागि चुनाव लड्ने तयारीमा लाग्नु भएको छ । उहाँ भन्नुहुन्छ, सधैं समानुपातिक नै खोज्नु हुँदैन, अरुलाई पनि चान्स दिनुपर्छ यसपटक म चुनाव नै लड्छु ।' लोसपाबाट यसपटक उहाँका श्रीमतीको नाम समानुपातिक रहेको छ ।

**परिवार**

बुवा अब्दुल सलाम शाह र माता आइशा खातुन शाहका छोरा अकवाल अहमदको विहे भारत उत्तर प्रदेशका नफिस जहां शाहसँग सन् १९८७ मा भएको थियो । अकवाल अहमदका पाँचजना छोराछोरी छन् । छोराहरु अफताव आलम शाह आयुर्वेदमा रिसर्चर हुनुहुन्छ भने अर्को छोरा फैज आलम शाह फिलिपिन्समा पाइटको अध्ययन गरिरहनु भएको छ । स्फन्द शाह प्लस टुमा अध्ययन गरिरहनु भएको छ भने छोरी नाजनिन शाहको भारतको लखनउमा विहे भइसकेको छ । अर्का छोरी फरहिन शाह एमबीएमा अध्ययनरत हुनुहुन्छ । अकवाल अहमदका नौजना दाजुभाइ तथा दीदीवहिनी हुनुहुन्छ । दुईजना दिदी जैनव खातुन र राजिया शाह तथा दाजु अब्दुल गफार शाह र अब्दुल जवार शाहको निधन भइसकेको छ ।  दाजु अब्दुल सत्तार शाह खेती किसानीमा हुनुहुन्छ । भाइ मोहम्मद उसमान शाह व्यपारमा हुनुहुन्छ । अर्का भाइहरु सुलेमान शाह, लुकमान शाह, अब्दुल कैयुन शाहको अलग अलग औषधीको पसल रहेको छ । सबै दाजुभाइ अलग अलग हुनुहुन्छ । परिवारमा अकवाल अहमद शाह राजनीतिमा हुनुहुन्छ । उहाँको राजनीतिमा सबै दाजु भाइको सहयोग रहेको छ ।

**विदेश भ्रमण**

व्यक्तिगत भ्रमणका लागि उहाँ बंगलादेश जानु भएको थियो । त्यसपछि उहाँ नेपाल शोभियत मैत्री संघ सांस्कृतिक संघमार्फत मुस्लिम गोष्ठीका लागि अजरवैजान जानु भएको थियो । त्यहाँबाट उहाँले चिचिनिया र मस्कोको पनि भ्रमण गर्नु भएको थियो । संविधानसभाको सदस्यको हैसियतले संघीयतासम्बन्धी हुने एक गोष्ठीमा भाग लिनका लागि उहाँ अमेरिका पनि जानु भएको थियो । हजका लागि दुईपटक साउदी पनि जानु भएको छ । उहाँल लोकतान्त्रिक कल्याण तालिम संस्था खोल्नु भएको छ । उहाँ त्यसको अध्यक्ष हुनुहुन्छ । सो संस्थामार्फत कपिलवस्तु जिल्लालगायतका ठाउँमा कार्यक्रमहरु गरिरहनु हुन्छ । उहाँ कपिलवस्तु समाजको आजिवन सदस्य हुनुहुन्छ । कपिलवस्तुको महेन्द्र माविबाट सन् १९७६ मा एसएलसी पास गर्नुभएका अकवाल अहमदले पाँच कक्षासम्म मदर्सामा गएर उर्दुको अध्ययन पनि गर्नु भएको छ । उहाँलाई उर्दु र अरबी भाषाको ज्ञान छ । २०४६ सालको आन्दोलनमा भाग लिन लागेको आशंकामा कपिलवस्तुका तत्कालिन सिडियोले उहाँलाई पक्राउ गरी शान्ति सुरक्षाको नाममा थुनामा राखेको थियो । एक महिनासम्म उहाँ जेल बस्नुभयो । मधेश आन्दोलनको क्रमममा पनि उहाँ पटक पटक पक्राउ पर्नु भएको थियो तर सधै साँझमा छाडि दिन्थ्यो ।

# कृषि औजार कारखाना सञ्चालन हुने

राष्ट्रिय आविष्कार केन्द्रले कृषि औजार कारखाना संचालन गर्ने भएको छ। वीरगञ्जस्थित कृषि औजार कारखाना राष्ट्रिय आविष्कार केन्द्रले पुनः सञ्चालनमा ल्याउने भएको हो। त्यसको लागि असोज ११ गते अर्थ मन्त्रालय र राष्ट्रिय आविष्कार केन्द्रबीच सम्झौता पत्रमा हस्ताक्षर पनि भइसकेको छ। सम्झौता पत्रमा मन्त्रालयका तर्फबाट सहसचिव रमेश केसी र आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले हस्ताक्षर गर्नुभएको छ। गत ३१ भदौको मन्त्रिपरिषद बैठकले करिब तीन दशकदेखि बन्द रहेको कृषि औजार कारखाना आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिने निर्णय गरेको थियो। आर्थिक वर्ष २०७९/८० को बजेटमा बन्द तथा रूग्ण रहेका कारखानाहरू पुनः सञ्चालन गरिने घोषणा गरिएको थियो। सोही अनुसार कृषि औजार कारखाना सञ्चालन गर्ने जिम्मा आविष्कार केन्द्रलाई दिइएको हो। सम्झौतापछि आविष्कार केन्द्रका अध्यक्ष पुनले आफूले कहिल्यै नसोचेको जिम्मेवारी पाउँदा चिट्ठा परेको जस्तो महसुस भएको बताउनुभयो।

सम्झौताअनुसार आविष्कार केन्द्रले कारखानाको सञ्चालन जिम्मा दस वर्षका लागि पाएको छ। योजना निर्माण, जनशक्ति विकास, कृषि औजार उत्पादन र बजारीकरण लगायतका कामसहित आविष्कार केन्द्रले १० वर्षसम्म सञ्चालनको जिम्मा पाएको हो। कारखानाको मर्मत सम्भार र औजार थप गर्न तथा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था पहिलोपटक सरकारले गर्नेछ। यस्तै आविष्कार केन्द्रले अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धान र तालिम समेत सञ्चालन गरी जनशक्ति उत्पादन एवम् आधुनिक कृषि औजार उत्पादन तथा बिक्री गर्न पाउनेछ। औजार बिक्रीबाट करपश्चातको रकमको ५० प्रतिशत राष्ट्रिय आविष्कार केन्द्र कोषु खडा गरी त्यहाँ रहनेछ भने बाँकी ५० प्रतिशत वार्षिक रूपमा नेपाल सरकारको राजश्व खातामा जम्मा गर्नु पर्नेछ। उक्त कारखाना संचालनका लागि करिब २५ करोड देखि ४० करोड रुपैंयाको आधुनिक मशिनरी र औजारहरु किन्नु पर्ने आवश्यक रहेको जनाइएको छ। अब दशैं पछि कार्य योजना बनाएर काम सुरु हुने छ। कृषि प्रधान देश नेपालमा हालसम्म एउटा पनि कृषि औजार कारखाना संचालनमा छैन। सोभियत सङ्घको आर्थिक तथा प्राविधिक सहयोग तथा नेपाल सरकारको संयुक्त लगानीमा राजा महेन्द्रले २०२४ सालमा कृषिका लागि आवश्यक पर्ने औजारहरू उत्पादन गर्न पर्साको वीरगन्ज नगरपालिकामा कृषि औजार कारखाना खोल्नु भएको थियो।

# सिरहामा धान उत्पादन वृद्धि हुने अनुमान

सिरहामा यस वर्ष धान उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ। समयमा वर्षा र मौसम अनुकूल हुनुका साथै धान रोपाइँ समयमै भएकाले उत्पादनमा वृद्धि हुने आशा गरिएको हो। सिरहामा ७३ हजार नौ सय १४ हेक्टर खेतीयोग्य जमिन रहेको छ।

यस वर्ष ५४ हजार हेक्टरमा धान रोपाइँ भएको छ। गत आर्थिक वर्षमा एक लाख ६२ हजार चार सय ३० मेट्रिकटन धान उत्पादन भएकामा चालु आर्थिक वर्षमा वृद्धि हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख नरेन्द्रकुमार महासेठले बताउनुभयो। रोग किराको प्रकोप कम भएको र समयमै पर्याप्त वर्षा भएकाले धान उत्पादन बढ्ने उहाँको भनाइ छ।

किराको प्रकोप देखिए पछि प्राविधिक, कृषि ज्ञान केन्द्र र बाली संरक्षण प्रयोगशालाबाट किरा नियन्त्रण गर्न प्राविधिक खटाइएको कार्यालयका सूचना अधिकारी परमानन्द चौधरीले बताउनुभयो। रासायनिक मल सहजरुपमा उपलब्ध हुन सकेको भए उत्पादन अझ बढ्ने उहाँको भनाइ छ। सिरहामा सोना मन्सुरी, कान्छी, राधा १२, सावित्री, रामधान, मन्सुली, हर्दिनाथ, तरहरा-१, सुगा-३ स्थानीय वास्मती, सावित्री, कतरनीलगायत धान लगाउने गरिएको छ।

बडा दशैंको शुभकामना
विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ एवं दिदी बहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
'दूध सेवन गरौं, स्वस्थ्य रहौं'
प्रल्हाद दाहाल, अध्यक्ष
हेमचन्द खनाल, महासचिव
नेपाल डेरी एसोसिएसन, परिवार

बडा दशैंको शुभकामना
विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ एवं दिदी बहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
'चाडपर्वमा गुणस्तरीय दूध तथा दूग्धजन्य पदार्थका लागी डीडीसी सम्झौं'
सञ्जिव झा
महाप्रबन्धक
दूग्ध विकास संस्थान

बडा दशैंको शुभकामना
२०७९ को विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ एवं दिदी वहिनीमा सुख समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
महेन्द्र राय यादव
अध्यक्ष
नेपाल समाजवादी पार्टी

बडा दशैंको शुभकामना
२०७९ को विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा खासगरी सप्तरीवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
माता भगवती सबैको कल्याण गरुन्।
डा.शरदसिंह यादव
नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

बडा दशैंको शुभकामना
विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा मधेश प्रदेशका सम्पूर्ण दाजुभाइ, दिदी बिहिन, क्रान्तकारी मधेशी योद्धाहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
जितेन्द्र सोनल
कार्यकारिणी सदस्य एवं मधेश प्रदेश समिति
अध्यक्ष
लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल

बडा दशैंको शुभकामना
विजया दशमी, शुभ दीपवाली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण औरही गाउँपालिकावासीमा सुख समृद्धिका लागि दुर्गा भवतीसँग कामना गर्दछु।
रामपुत यादव
वडाअध्यक्ष
औरही-५ सिरहा

## समाचार/विविध

### जानेबेला..

नगरी राखेको विषयमा पनि उहाँको आलोचना भएको थियो। पछि नयाँ सरकारको सिफारिसमा उहाँले सदस्यहरूको नियुक्तिसम्बन्धी सिफारिसलाई प्रमाणीकरण गर्नु भएको थियो।

राष्ट्रपति भण्डारी बेलाबेलामा उहाँको आफ्नो सवारीका कारण विवादमा आउने गर्नु भएको छ। उहाँको अनावश्यक ओहोर दोहोरका कारण सर्वसाधारणको यातायातमा असर पर्ने भएको कारण उहाँको निकै आलोचना भएको थियो। उहाँ सानो सानो काम पनि राष्ट्रपति भवनबाट निस्किने गर्ने भएकाले घण्टौसम्म बाटो जाम हुन्थ्यो र त्यसमा उहाँको आलोचन हुन्थ्यो। २०७५ सालमा राष्ट्रपति कार्यालय हातामै हेलिप्याड बनाउन गरिएको एउटा निर्णयका कारण राष्ट्रपति भण्डारीको आलोचना भएको थियो। त्यस्तै महँगा गाडी खरिद गर्ने निर्णयले पनि राष्ट्रपति भण्डारीको खुब आलोचना भएको थियो।

२०७५ सालमै पोखरास्थित विन्ध्यवासिनी मन्दिरमा निर्मित लिफ्टको उद्घाटन गर्न गएको कारण पनि उहाँको खुब आलोचना भएको थियो। त्यस्तै, विभिन्न देशहरूले कतारमा लामो समयदेखि नाकाबन्दी लगाएका बेला पनि उहाँले त्यो देशको भ्रमण गर्दा पनि उहाँको आलोचना भएको थियो। दोस्रो पटक राष्ट्रपति बनेपछि उहाँको त्यो पहिलो विदेश भ्रमण थियो। उहाँले बेलाबेलामा एमाले र त्यसअघि माओवादी र एमालेले मिलाएर बनाएको पार्टी नेकपामा हुने गरेको विवादमा हस्तक्षेप गरेको कारण विवादमा आउने गर्नु भएको छ। एमालेका अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्री ओलीले दुई दुई पटक संसदलाई विघटन गरेको सिफारिस गर्दा उहाँले सदर गर्नु भएको थियो। त्यसमा पनि उहाँको खुबै आलोचना भएको थियो। यसरी उहाँले सुरुदेखि विवादमा आइरहनु भयो। अहिले जाँदा जाँदै पनि नागरिकताविहिन नागरिकको चित्त दुखाएर जानुभयो। उहाँले गरेको कार्यको आलोचना राजनीतिक दलले गरेको छ नै उपराष्ट्रपति नन्दबहादुर पुन र पूर्वराष्ट्रपति डा.रामवरण यादवले पनि गर्नुभएको छ।

### कम...

र पहिचानका लागि संघर्ष गरेको हो। अहिले पनि यो नागरिकता विधेयक संसदबाट पारित गराउन बाध्य पार्ने लोसपा नै हो। लगातार प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटेर दवाव दिएको कारण यो विधेयक संसदबाट पास भएको हो। यो सिर्फ लोसपालाई मात्र जस जान्छ।

**तपाईहरु एकातिर एमालेसँग गठबन्धन गर्ने तयारीमा हुनुहुन्छ, अर्कोतिर तपाईहरुकै पार्टीबाट धमाधम नेताहरु एमालेमा प्रवेश गरिरहनु भएको छ, यो कस्तो गठबन्धन हुन गइरहेको छ ?**

लोकतन्त्रमा आफ्नो निर्णय गर्ने अधिकार सबैको आआफ्नो हुन्छ। त्यसमा कसैले कसैलाई रोकेर वा छोकेर केही हुँदैन। सबै स्वतन्त्र छन्। पार्टीबाट कोही जान्छन् भने पार्टीमा कहीबाट आउँछन् पनि आउने जाने भइरहन्छन्। यो ठूलो कुरा होइन। सत्ता गठबन्धनमा पाँचवटा दल छन्। ती दलहरुबाट नेताहरु निस्केर एक अर्काको दलमा गइरहेका हुन्छन्। त्यसैले कुनै मान्छेलाई कसैले रोक्न सक्दैन। आउनेलाई रोक्न सकिन्छ तर जानेलाई कसैले रोक्न सक्दैन। हाम्रो पार्टीमा पनि एमालेबाट नेता तथा कार्यकर्ताहरु आइरहेका छन्। चुनावको समयमा यताबाट उता, उताबाट यता भइरहन्छन्। चुनाव सकेपछि यो यताउतीको खेल सकिन्छ।

**मधेशमा एमालेप्रति किन आकर्षण बढेको हो त ?**

एमालेको काम देखेर। मधेशप्रतिको सोचाई देखेर। यत्रो वर्ष भयो तर काँग्रेस, माओवादीले मधेशको लागि एउटा सिन्कोसम्म भाँच्न सकेन तर एमाले नै यस्तो पार्टी हो जो मधेशको माग पुरा गर्न तयार भयो र केही पुरा पनि भयो। जुन प्रकृयाबाट कामहरु सुरु भएको थियो, यदि केपी शर्मा ओली नेतृत्वको सरकार अहिलेसम्म भएको भए मधेशका सबै माग पुरा भइसकेको हुन्थ्यो। उपेन्द्र यादवको पार्टी त एक वर्षदेखि सरकारमा रहेको छ, संविधान संशोधनका लागि एउटा कार्यदल पनि किन गठन गराउन सक्नु भएन। काँग्रेस-माओवादी र एमालेमा यही फरक छ। एमालेले मधेशको विरोध गरेपनि उसले त्यसलाई सुधार गर्न चाहेको पनि हो। मधेशको माग पुरा गर्न चाहेको हो। यो कुरा भन्न मलाई कुनै हिचकिचाहट छैन। त्यही भएर अहिले मधेशमा एमालेप्रति आकर्षण बढेको हो जस्तो लाग्छ।

**भनिन्छ, अहिले पनि लोसपाले काँग्रेसको प्रतिक्षामा छ कि उसले पाँच दलीय गठबन्धनमा सहभागी गराउँछ, के यो सही हो ?**

हामीले काँग्रेसको प्रतिक्षा धेरै गर्यौं। गठबन्धनमा आज सामेल गराउँछौ, भोली गराउँछौं भनि रह्यो तर केही गर्न सकेन। लोसपा त्यसरी अर्काको मुख ताकेर बस्ने पार्टी होइन। हामीले काँग्रेससँग कुरा गरेर पाँच दलीय गबन्धनमा सहभागी हुन चाहेका थियौं। त्यस अनुसारको छलफल पनि भएको हो तर काँग्रेसले सकेन। अनि बाध्य भएर हामी अर्को विकल्पमा गयौं। त्यो च्याप्टर अब क्लोज भयो।

**जसपासँग गठबन्धनको सम्भावना कति छ ?**

राजनीतिमा हरेक कुराको सम्भावना हुन्छ। तर कतिपय कुरा यथार्थ र तथ्यमा पनि जानुपर्ने हुन्छ। उपेन्द्र यादवले मधेशसँग जस्तो व्यवहार गर्नुभयो। मधेशी जनतासँग जुन प्रतिवद्धता गरेर उहाँले मत लिनुभयो, त्यसका अपमान उपेन्द्र यादवले गर्नु भएको छ। मधेश सरकार बनाउँछौं भनि मधेशी जनतासँग मत माग्नु भयो तर जसको नाम लिएर मत माग्नु भयो उसलाई सरकारबाट हटाएर काँग्रेस, माओवादी र नेकपा (एस) लाई सामेल गराउनु भयो। यसको समिक्षा हुनु अनिवार्य छ। उपेन्द्र यादवसँग चुनावी गठबन्धनको कुरा गर्नुभन्दा पहिले यसको समिक्षा हुनुपर्छ अनि मात्र कुरा अगाडी बढ्छ।

### मधेशमा...

प्रतिपक्षि दल एमालेसँग कुनै छलफल नै गरेन। फास्टट्र्याबाट त्यसलाई पारित गराउन खोज्यो त्यसमा एमालेले विरोध गरेको छ। अहिले पनि एमालेले भनेको छ कि जन्मसिद्ध नागरिकका सन्तानले वंशजको नागरिकता पाउनुपर्छ। नागरिकताबाट कोही पनि बञ्चित हुनुहुँदैन। देशमा नागरिकताको समस्या समाधान हुनुपर्छ भने पक्षमा एमाले रहेको छ।

**एमालेमा एक लाख भन्दा बढी मान्छे प्रवेश गरे, तर उनीहरुलाई पार्टीले व्यवस्थापन गर्न सकिरहेको छैन भनि गुनासोहरु आइरहेका छन्। व्यवस्थापन गर्न गाह्रो नै भएको हो त ?**

छैन कुनै गाह्रो छैन। अरु ठाउँमा, केन्द्रमा के भइरहेको छ मलाई थाह छैन तर मधेश प्रदेशमा कुनै समस्या छैन। एक लाखमध्ये ५० हजारभन्दा बढी व्यक्ति मधेश प्रदेशबाट नै एमालेमा प्रवेश गरेका छन्। उनीहरुलाई व्यवस्थापन गर्न कुनै समस्या छैन। मधेश प्रदेशमा प्रवेश गरेका कतिपय नेता केन्द्रीय समिति वा त्यहाँका विभिन्न समितिमा जान चाहेका छन्। उनीहरुलाई पार्टीले कसरी व्यवस्थापन गरिरहेका छन् त्यो केन्द्रले नै भन्ने कुरा हो तर मधेश प्रदेश प्रदेशमा बस्न चाहेकोको व्यवस्थापन भइरहेको छ। अधिकाँशलाई प्रदेश समितिमा राखिएको छ। जिल्ला कमीटी बनिसकेको कारण त्यहाँ सबैलाई एडजस्ट गराउन गाह्रो भयो। त्यसैले त्यहाँ सल्लाहकार समिति बनाएर नेताहरुलाई व्यवस्थापन गर्ने कार्य भइरहेको छ। चुनाव लगतै जिल्लाको विशेष अधिवेशन गरेर नयाँ तथा पुरानालाई मिलाएर नयाँ कमिटी बनाउने काम हुन्छ। ढिलो चाँडो नव प्रवेशी सबैलाई पार्टीमा व्यवस्थापन गर्ने काम पार्टीले गर्छ।

### यी...

त्यही व्यक्ति आज उनेको वाहवाही गरिरहेका छन्। जुन नेताले हिजोसम्म प्रचण्डलाई पुजा गर्थे आज त्यसलाई गाली गर्दा थाक्दैनन्। असोज ८ गते उमाशंकर अरगरिया, अमृता अग्रहरी एमालेमा प्रवेश गर्दा अध्यक्ष ओलीलाई महान नेता, राजनेता, मधेशका लागि विकास प्रेमीलगायतका उपमा जोडेर प्रसंशा गरे। तर एक समय त्यही अरगरिया र अग्रहरीले ओलीको पुतला जलाएर विरोध गरेका थिए।

यस्ता नेताबाट हाम्रो समाजले कस्तो संसकार सिक्छन् ? राजनीतिक दल र त्यसका नेता समाजलाई परिवर्तन गर्ने निकाय हो। समाजका लागि ऐना हो। राजनीतिकमार्फत धेरै कुराको परिवर्तन हुन्छ। राजनीतिले गर्दा नै सबै कुरा परिवर्तन हुने सम्भव भएको छ। ठूला ठूला परिवर्तन राजनीतिक दलकैमार्फत भएको हो। तर नेताहरुको व्यवहार र क्रियाकलापबाट समाज आजित भएको छ। युवाले नेताहरुको शैलीलाई नक्कल गरिरहेका हुन्छन्।

नेताहरु यस्तै छन् भने समाजिक मनोविज्ञान देखिएको छ। युवाले नेतालाई आदर गर्न छाडेका छन्। नेतालाई समाजले स्विकार गर्न छाडेको छ। पहिला पहिला जुन नेतामाथि समाजले गर्व गर्थ्यो आज त्यही नेतालाई चोर, फटहा भन्न थालेको छ। अहिलेको समाजमा नेताहरु सर्वस्विकार्य छैनन्। पार्टीका कार्यकर्ता तथा झोले युवाबाहेक नेतालाई कसैले रुचाउने अवस्था छैन। यो सब कारण नेताहरुको दोहोरो चरित्र र दुई जिब्रे व्यवहारले गर्दा भएको हो।

**चाडवाडको समयमा खानपानमा ध्यान दिऔं।**

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, **PAN : 609502305**
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार